# प्रभाव दैनिक
National Daily

वर्ष ८ | अंक ३३९ | काठमाडौं | बिहीबार, २४ चैत २०७८ | Prabhab National Daily, | Thursday, April 7, 2022 | URLwww.prabhabonline.com | पृष्ठ १० | मूल्य रू. ५।–



**डढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाइटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं ।
- जंगलमा सलाई तथा लाइटरको प्रयोग नगरौ र गर्नैपर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔं ।
- वन जंगलमा धुमपान नगरौं ।
- हाम्रो सानो असावधानीले जंगलमात्र होइन आसपासका वस्तीसमेत उजाड हुन सक्छन् ।
- जन, धन र वनको संरक्षण गरौं ।
- सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**सन्दर्भ : वैदेशिक रोजगार**

## कोरियाली भाषा परीक्षाका लागि ४५ हजारको आवेदन

■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण कोरियामा रोजगारीका लागि जान इच्छुकहरूका लागि सञ्चालन गरिने कोरियाली भाषा परीक्षामा सहभागी हुन करिब ४५ हजार जनाको आवेदन परेको छ । यही १४-२१ चैतको अवधिमा ४४ हजार ८८९ जनाले आवेदन दिएका हुन् । आवेदन दिनेमध्ये उत्पादन क्षेत्रमा ३३ हजार ९९४ जना र कृषि तथा पशुपालन क्षेत्रमा १० हजार ८९५ जना रहेको इपिएस कोरिया शाखाले जानकारी दिएको छ ।

भाषा परीक्षाका लागि आवेदन दिने अन्तिम समयावधि गत सोमबार राति १२ बजेसम्म तोकिएको थियो । इपिएस कोरिया शाखाका निर्देशक पुष्पराज कटुवालले यस पटकदेखि कृषि तथा पशुपालन र उत्पादन क्षेत्रका लागि छुट्टाछुट्टै समयमा परीक्षा सञ्चालन हुने बताए । परीक्षा तालिका यसअघि नै सार्वजनिक भइसकेको छ । यसपटक एक व्यक्तिले एक क्षेत्रमा मात्रै आवेदन दिन पाउने व्यवस्था गरिएको थियो ।

कृषि तथा पशुपालन क्षेत्रका लागि आउँदो वैशाख २६ देखि जेठ १३ गतेसम्म पहिलो चरणको र जेठ २४ देखि असार १६ गतेसम्म दोस्रो चरणमा भाषा परीक्षा सञ्चालन हुनेछ । यस्तै, उत्पादन क्षेत्रका लागि पहिलो चरणमा असार २० देखि भदौ १० गतेसम्म र दोस्रो चरणमा भदौ १६ देखि असोज २० गतेसम्म भाषा परीक्षा सञ्चालन हुने निर्देशक कटुवालले बताए ।

कोरोना महामारीका कारण अघिल्लो वर्ष कोरियाली भाषाको परीक्षा सञ्चालन हुन सकेको थिएन । सन् २०२२/२३ का लागि दक्षिण कोरियाले उत्पादनतर्फ छ हजार २१३ र कृषि तथा पशुपालनतर्फ दुई हजार ७४१ गरी नौ हजार ६५४ जना श्रमिक लैजाने तयारी गरेको छ ।

## रोजगार गन्तव्य मुलुकमा सामान्य बन्दै कोरोना संक्रमण

■ प्रभाव संवाददता

**काठमाडौं–** नेपालीहरूको श्रम गन्तव्य सबैजसो मुलुकमा पछिल्लो समय कोरोना भाइरसको महामारी सामान्य बन्दै गएको छ । केही महिनाअघि दैनिक हजारौँको संख्यामा संक्रमित थपिने ती मुलुकमा अहिले दैनिक संक्रमणदर न्यून बनेको छ ।

नेपाली श्रमिक रहेका मुलुकमध्ये मलेसियामा सबैभन्दा बढी संक्रमणदर रहेको पाइएको छ । मलेसियामा अहिले पनि दैनिक १० हजारभन्दा धेरैमा कोरोना संक्रमण हुने गरेको वल्डोमिटर्सको तथ्यांकमा देखिन्छ । त्यहाँ गत ५ मार्चमा एकै दिन ३३ हजार ४०६ जनामा कोरोना संक्रमण पुष्टि भएको थियो । यो संख्या ५ अप्रिलसम्म आइपुग्दा १२ हजार १७ मा झरेको तथ्यांक छ । त्यहाँ अहिले सक्रिय संक्रमितको संख्या एक लाखभन्दा बढी रहेको छ ।

युएईमा पछिल्लो समय दैनिक ३०० को हाराहारीमा संक्रमित भेटिने गरेको तथ्यांक । युएईमा हाल सक्रिय संक्रमितको संख्या १९ हजार ३५७ जना रहेको छ । साउदी अरबमा अहिले दैनिक थपिने संक्रमितको संख्या १०० को हाराहारीमा रहेको देखिन्छ । त्यहाँ सक्रिय संक्रमितको संख्या छ हजार ५४७ रहेको छ ।

यसैगरी कतारमा दैनिक करिब डेढ सयको संख्यामा संक्रमित थपिरहेको तथ्यांक छ । त्यहाँ एक हजार २९६ सक्रिय संक्रमित रहेका छन् । कुवेत, बहराइन, ओमानलगायत मुलुकमा पनि संक्रमणदर सामान्य बन्दै गएको वल्डोमिटर्सको तथ्यांकमा देखिन्छ ।

# दाहालको चितवन दौड



भरतपुर महानगरपालिकाको प्रशासनिक भवन शिलान्यास गर्दै माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल । *तस्बिरः दाहालको बेवसाइटबाट*

**चैत १०**
- माडी–२ मा चिरौली सडकको उद्घाटन
- आफ्नो निर्वाचन क्षेत्रका पाँच वटा कार्यक्रममा सहभागी
- परुई खोलाको पुल र चेपाङ नमूना वस्तीको उद्घाटन
- माडीका अगुवा नेता कार्यकर्तालाई प्रशिक्षण
- शारदानगरमा महिला फुटबल लिगको उद्घाटन

**चैत ११**
- भरतपुर महानगरपालिकाको प्रशासनिक भवन शिलान्यास
- माओवादीको जिल्ला समन्वय समितिको बैठकलाई सम्बोधन

**चैत १६**
- राप्ती नगरपालिकामा विद्युत् सबस्टेसन उद्घाटन
- नारायणी तटबन्धको शिलान्यास
- महानगर रिङरोडको पश्चिम खण्डको सडक शिलान्यास
- पटिहानीमा बहुउद्देश्यीय कबर्ड हलको उद्घाटन

■ प्रभाव संवाददाता

**काठमाडौं–** सत्तारुढ गठबन्धनले आउँदो स्थानीय तह निर्वाचनमा तालमेल गर्ने निर्णय गरेर गृहकार्य अघि बढाएको छ । तर, कसरी अघि बढ्ने, कहाँ-कहाँ कसलाई नेतृत्व दिने भन्ने विषयमा गठबन्धनभित्र सहमति जुट्न बाँकी छ ।

यही बेला बुधबार चितवन पुगेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले सबैले आ-आफ्नो ठाउँमा लचिलो हुन सिक्नुपर्ने टिप्पणी गरे । दाहालको उक्त अभिव्यक्तिले चितवनका कांग्रेस नेताहरूलाई झस्काएको छ । अध्यक्ष दाहालको भनाइ आइतबार कांग्रेस चितवनले गरेको निर्णयप्रति लक्षित थियो । आइतबार बसेको कांग्रेस जिल्ला कार्यसमितिको बैठकले भरतपुर महानगरपालिकाको मेयर नपाए एकलरूपमै चुनावमा जाने घोषणा गरेको थियो ।

हाल भरतपुर महानगरपालिकामा माओवादी केन्द्रकी रेणु दाहाल मेयर छन् । अघिल्लो निर्वाचनमा कांग्रेसको समर्थनमा

> **हामीले चुनावमा गठबन्धन गरेर जाने निर्णय गरिसक्यौं । सबैले आ–आफ्नो ठाउँमा लचिलो हुन सिक्नुपर्छ । त्याग गर्ने मानसकिता बनाउन सकियो भने असम्भव हुँदैन ।**
>
> ● **पुष्पकमल दाहाल**

उनी भरतपुरको मेयर निर्वाचित भएकी थिइन् । कांग्रेसले उपप्रमुखमा चित्त बुझाएको थियो । यसपालि भने कुनै पनि हालतमा मेयर आफूले पाउनुपर्ने कांग्रेस नेताहरूको माग छ । उनीहरूले केन्द्रीय नेतृत्वलाई समेत यो विषयमा सचेत गराइसकेका छन् ।

तर, दाहालले रेणुलाई नै दोहोर्‍याउन चाहिरहेका छन् । केही दिन पहिले पनि उनले चितवन पुगेर कांग्रेसका जिल्ला नेताले भनेर मात्र केही नहुने बताएका थिए । उनले महानगरको निर्णय केन्द्रबाटै हुने र भरतपुर माओवादीको भागमा पर्ने आशय व्यक्त गरेका थिए । कथं, भरतपुर माओवादीको भागमा पर्‍यो भने रेणु नै उम्मेदवार बन्ने लगभग पक्का छ ।

बुधबार चितवन पुगेका दाहाल भूमिहीनलाई लालपूर्जा वितरण कार्यक्रममा सहभागी भएका थिए । सरकारले स्थानीय तह निर्वाचन घोषणा गरेपछि दाहाल चितवन केन्द्रित भएका छन् । भरतपुर महानगरपालिकामा फेरि प्रमुखको दाबी गरिरहेकी छोरी रेणुका लागि माहोल बनाउन दाहाल उद्घाटन, शिलान्यासजस्ता कार्यक्रमको छेक पार्दै चितवन पुगिरहेका छन् ।

कतिसम्म भने उनले बुधबार भूमि आयोगको कार्यक्षेत्रलाई नै 'हस्तक्षेप' गरे । भूमिहीनलाई जग्गा वितरण गर्न भनेर सरकारले राष्ट्रिय भूमि आयोग बनाएको छ । चितवनमा पनि यसको जिल्लास्तरीय कार्यालय र पदाधिकारी छन् । बुधबार विभागीय मन्त्री शशी श्रेष्ठ पनि लालपूर्जा वितरण कार्यक्रममा सहभागी भएकै थिइन् । तर, दाहाललाई प्रमुख अतिथिका रूपमा सहभागी गराइनु 'रणनीतिक' मानिएको छ । भूमि आयोगको चितवन जिल्ला अध्यक्ष बद्री तिमिल्सिना माओवादी केन्द्रकै हुन् ।

उसो त दाहाल यो महिनामा बुधबार मात्रै चिवतन पुगेका होइनन् । यसअघि चैत १०, ११ तथा १६ गते उनी चितवनमै रहे । विभिन्न कार्यक्रममा सहभागी भए । जतिजति चुनावको नजिकिँदै गइरहेको छ, दाहालको चितवन दौडधुप पनि बाक्लिँदै गएको छ ।

चैत ११ मा भरतपुर महानगरपालिकाको प्रशासनिक भवन शिलान्यास गर्न पुगेका उनले मेयर दाहालको खुबै प्रशंसा गरेका थिए । ९४ करोड ३२ लाख रूपैयाँ लागतमा निर्माण हुन लागेको (**बाँकी पृष्ठ २ मा**)

# भन्सारमा दैनिक करोडौं राजस्व छली

■ प्रभाव संवाददाता

**काठमाडौं–** भन्सारमा राजस्व छली हुने विषय नयाँ होइन । सरकारले यसलाई रोक्न भन्दै विभिन्न योजना कार्यान्वयनमा ल्याए पनि राजस्व छलीका घटना नियन्त्रणमा आउन सकेको छैन । भन्सारका कर्मचारी र आयात व्यापारमा संलग्न उद्योगी व्यापारीबीचको मिलेमतोमा दैनिक करोडौं राजस्व चुहावट हुने गरेको छ ।

पर्वबाहेक अन्य सामान्य दिनमा मुलुकभरका भन्सार कार्यालयहरूले औसतमा ९० करोड रूपैयाँभन्दा बढी राजस्व उठाउँदै आएका छन् । अन्य दिनको तुलनामा न्यूनतम ७० करोड रूपैयाँभन्दा बढी संकलन हुने गरेको भन्सार विभागको तथ्यांक छ । यो तथ्यांकका आधारमा भन्सारमा व्यापारी र कर्मचारीको मिलेमतोमा हुने राजस्व छलीका कारण राज्यले दैनिक ४० करोड रूपैयाँभन्दा बढी राजस्व गुमाउनुपरेको आशंका अर्थ मन्त्रालयले गरेको छ । उक्त तथ्यांकअनुसार एक वर्षमा करिब दुई खर्ब रूपैयाँ राजस्व अपचलन हुँदै आएको देखिन्छ । एक वर्षमा भन्सार कार्यालय ३५० दिन खुल्ने गरेको छ ।

अर्थ मन्त्रालयका एक अधिकारीले दिएको जानकारीअनुसार भन्सारका कर्मचारी र उद्योगी व्यवसायीको मिलिमतोमा भन्सारमा न्यून विजकीकरण गर्ने, अधिकांश सते चेकजाँच नै नगरी भन्सार छुटाउने गरेर असुली हुनुपर्ने राजस्व कमिसनकै रूपमा 'मेस' को नाम दिएर संकलन गरिँदै आएको छ । उक्त रकम एकमुष्ट मासिक रूपमा दामासाहीमा भागबण्डा लगाएर लिने गरेको ती अधिकारीले आरोप लगाए ।

कर्मचारीहरूले कतिपय अवस्थामा सरकारले तयार गरेको सन्दर्भ मूल्यभन्दा पनि कममा सामान छुटाउने गरेको पाइएको छ । अर्थ मन्त्रालयले औपचारिक व्यापारलाई प्रवर्द्धन गर्न यथार्थपरक घोषणा र सही मूल्यांकन हुनुपर्ने, राजस्व जोखिम हुनेगरी कुनै कामकारबाही भएको थाहा पाए शून्य सहनशीलता अपनाइने भन्दै भन्सार प्रमुखहरूलाई कडा चेतावनी दिँदै आएको छ ।

> **कर निर्धारण गर्दा होस् वा अन्य सबै कुरामा कर्मचारी र उद्योगी–व्यवसायीबीचको मिलेमतोमा प्रत्येक वर्ष अर्बौं रूपैयाँ राजस्व हिनामिना हुने गरेको छ । करको दायरामा आएका मात्र सबैले यथार्थमा राजस्व तिर्ने हो भने कम्तीमा पनि १५ खर्ब रूपैयाँभन्दा बढी राजस्व उठ्ने अर्थका अधिकारीहरू बताउँछन् ।**

तर, उक्त निर्देशन अहिलेसम्म कर्मचारीहरूले कार्यान्वयनमा ल्याएका छैनन् । अर्कोतर्फ, अवैध साँठगाँठ गरी राजस्व अपचलन गर्नेमाथि सरकारले कारबाहीसमेत गरेको छैन ।

राजनीतिक दलका नेता/कार्यकर्तासँग सम्बन्ध बढाएर बलियो बनेका अर्थ मन्त्रालयका कतिपय कर्मचारीले माथिल्लो पदका अधिकारीहरूको निर्देशन नमान्ने र मनोमानी काम गर्ने प्रवृत्तिसमेत हावी हुँदै आएको छ । भन्सार टिमले मालवस्तुको घोषणा र मूल्यांकनलाई यथार्थपरक बनाउने, प्रयोगशाला परीक्षण र क्वारेन्टिन परीक्षण गरी गुणस्तर सुनिश्चित गरेर मात्र जाँचपास गर्ने, गस्ती परिचालन बढाएर चोरीपैठारी नियन्त्रण गर्नेजस्ता कामलाई प्राथमिकता दिएको भन्सार विभागको भनाइ छ । तर, विभागका यी काम कागजमा मात्र सीमित हुन पुगेको छ ।

अर्थ मन्त्रालयका एक उच्च अधिकारीले राजस्व असुली हुने कुनै विशेष दिन नहुने र दैनिक मिलेमतो गरी करोडौं रूपैयाँ राजस्व चुहावट हुँदै आएको पुष्टि भएको बताएका छन् । ती अधिकारीका अनुसार भन्सारका कर्मचारीले लामो समयदेखि व्यापारीसँग मिलेमतो गरी प्रमुख रूपमा दुई किसिमबाट भन्सार राजस्व छली गर्दै आएका छन् । 'आयातीत सामानको मूल्यलाई न्यून विजकीकरण गर्ने (**बाँकी पृष्ठ ७ मा**)

## 'सुपारी आयात तत्काल रोक्नू'

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधि सभाअन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले सुपारी आयातको अनुमति तत्काल रोक्न निर्देशन दिएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव, उद्योग विभाग र वाणिज्य विभागका महानिर्देशकसँग बुधबार छलफल गर्दै समितिले तत्काल सुपारीको आयात रोक्न निर्देशन दिएको हो ।

समितिका सभापति विमलप्रसाद श्रीवास्तवले दाङ, भैरहवा, नेपालगञ्जलगायतका जिल्लामा अनुगमनका लागि जान लागिएको भन्दै तत्काल आयात अनुमति रोक्न निर्देशन दिएका हुन् । 'हामीले सुपारी, मरिचलगायतका प्रतिबन्ध लगाइएको वस्तुको आयात रोक्नुपर्ने माग राख्दै आएका थियौं । अहिले देशमा विदेशी मुद्रा सञ्चिति कम हुँदै गएको समयमा अनावश्यक वस्तुको आयात अनुमति दिनु उचित छैन,' सभापति श्रीवास्तवले भने, 'हामी भोलिदेखि केही दिन तराईका जिल्लामा स्थलगत अनुगमनमा जाँदैछौं । अनुगमन सकेर फर्किएपछि थप निर्णय गर्छौं । अहिले तत्काल सुपारी आयातको अनुमति रोक्नुस् ।'

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले गत फागुन २६ गते राजपत्रमा सूचना प्रकाशन गरेर औद्योगिक प्रयोजनका लागि सुपारी, मरिचलगायतका वस्तुको आयात अनुमति खुला गरेको थियो । राजपत्रमा नै सूचना प्रकाशन भएपछि सुपारीलगायत वस्तुको आयातका लागि उद्योग विभागमा हालसम्म ४४ वटा आवेदन दर्ता भएका छन् ।


**NOVEL CORONA VIRUS (nCOV)**
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**

ज्वरो (१००.४ °F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने ?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

# ‘लागुऔषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना’ तयार

■ नारायण ढुंगाना

**काठमाडौं–** झण्डै आधा दशकअघि निर्माण भएको लागुऔषध (नियन्त्रण) ऐन २०३३ प्रतिस्थापन गर्ने गरी सरकारले ‘लागुऔषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना’ निर्माण गरेको छ । बढ्दो लागुऔषध दुरूपयोग र अवैध ओसारपसारका कारण विश्वव्यापी रूपमै आपराधिक क्रियाकलामा वृद्धि भएको र युवा जनशक्ति कुलतमा फसेर त्यसै खेर जाने अवस्था भएकाले त्यसलाई रोक्न र सामाजमा सचेतना जागृत गराउने गरी पञ्चवर्षीय गुरुयोजना निर्माण गरिएको हो ।



गृह मन्त्रालयले तयार पारेको उक्त गुरुयोजना आउँदो वर्षदेखि नै लागू हुनेछ । गुरुयोजनाले मुख्यगरी लागुऔषध प्रयोगबाट हुने संक्रमण जोखिम न्यूनीकरण, प्रयोगकर्ताको भरपर्दो उपचार र पुनःस्थापना, अवैध ओसारपसार नियन्त्रण तथा अपराध न्यूनीकरणका लागि सहकार्य र साझेदारी गर्ने उद्देश्य लिएको छ ।

गृहसचिव टेकनारायण पाण्डे लागुऔषधको प्रयोग गर्दा भविष्यमा के असर गर्छ भन्ने कुराको ज्ञान नभएका व्यक्तिलाई प्रयोग गरेर कारोबारीले उद्देश्य पूरा गरिरहेकाले त्यसलाई लक्षित गरेर गुरुयोजना तयार पारिएको बताउँछन् । २०७८ देखि २०८४ सम्म गरिने क्रियाकलाप समेटेर गुरुयोजना तयार पारिएको छ ।

‘लागुऔषध प्रयोगको अवस्था बढ्दो छ, यसले आपराधिक गतिविधि बढाइरहेको छ, सीमा चोरी/तस्करी भइरहेको, युवा जनशक्तिको सिर्जनशीलता ध्वस्त पारेको छ,’ गृहसचिव पाण्डेले भने, ‘गुरुयोजना त्यस्ता गतिविधि रोकथाम गर्दै सभ्य समाज निर्माण गरी, मुलुकका युवालाई बचाउनका लागि हो ।’ उनका अनुसार क्रमशः आवश्यताका आधारमा संविधानले दिएको परिधिभित्र रहेर कानुन तर्जुमा पनि गरिनेछ ।

नेपालको पछिल्लो तथ्यांकलाई हेर्ने हो भने पनि लागुऔषध प्रयोगको अवस्था गम्भीर चुनौतीपूर्ण छ । प्राप्त विवरणअनुसार नेपालमा एक लाख ३० हजार प्रयोगकर्ता रहेकामा आठ हजार ३७२ महिला छन् । वार्षिक रूपमा ५.०६ प्रतिशतले प्रयोगकर्ता बढिरहेका छन् । कारागारमा रहेको कैदीबन्दीको अवस्था हेर्दा २१ प्रतिशत लागुऔषध कारोबारमा संलग्न भएका पाइएको छ । उक्त तथ्यांकको न्यूनीकरणका लागि पनि गुरुयोजना आवश्यक देखिएको गृह मन्त्रालयका प्रवक्ता फणीन्द्रमणि पोखरेल बताउँछन् ।

गुरुयोजनाको कार्यनीतिमा नै लागुऔषध (नियन्त्रण) ऐन २०३३ लाई प्रतिस्थापन गर्दै उपचार तथा पुनःस्थापना केन्द्रसम्बन्धी प्रोटोकल र मापदण्ड तयार पार्ने, पाठचक्रममा लागुऔषधका विषय समावेश गर्ने, लागुऔषध नियन्त्रण विभाग स्थापना गर्ने, लागुऔषध विश्लेषणसम्बन्धी सफ्टवेयरको विकास गर्ने रहेको छ ।

यसले केही हदसम्म सरकारको लक्ष्य पूरा हुने अपेक्षा गरिएको गृह मन्त्रालयका उपसचिव गोकर्णप्रसाद उपाध्यायको भनाइ छ । विसं २०३३ मा बनेको ऐन पुरानो भएको र यसले प्रयोगकर्तालाई अपराधी घोषित गरेको भनी यससँग काम गर्दै आएका सामाजिक संस्थाले संशोधनको माग गर्दै आएका थिए । उनीहरूले यसलाई रोगका रूपमा लिनुपर्नेमा जोड दिएका थिए । कतिपय सजायको सवालमासमेत समयसापेक्ष सम्बोधन हुन नसकेको प्रहरी अधिकारीहरूको गुनासो रहँदै आएको थियो । त्यसैले ऐन संशोधनको टड्कारो आवश्यकता महसुस गरिएका बेला गृह मन्त्रालयले उक्त ऐन प्रतिस्थापन गर्ने गरी गुरुयोजना तयार पारेको छ ।

कानुन संशोधन तथा मापदण्ड बनाउनेदेखि अन्य सचेतनामूलक कार्यक्रम पनि सँगसँगै सञ्चालन हुनेछ । गुरुयोजनाका विषय आगामी बजेटबाटै समावेश गर्ने गरी मन्त्रालयले तयार ीसमेत थालेको छ । यसभित्र तीनै तहको सरकार, गैरसरकारी संस्था सामाजिक संस्था, निजी क्षेत्र, पत्रकार, नागरिक समाजलगायत सरोकारवाला क्षेत्रमार्फत एकीकृत कार्यक्रमको रूपरेखा तयार पारिएको छ । कसले के काम गर्ने भन्ने कुरासमेत तोकिएको छ ।

गुरुयोजना कार्यान्वयनका लागि गृहसचिवको अध्यक्षतामा रहेको कार्यकारी समितिको प्रत्यक्ष निर्देशन तथा प्रचलित कानुनका आधारमा मन्त्रालयको लागुऔषध नियन्त्रण शाखा, नेपाल प्रहरी र सशस्त्र प्रहरी, प्रदेश र स्थानीय तह, निजी क्षेत्र, गैरसरकारी संस्था नागरिक समाज तथा सञ्चारमाध्यामका प्रतिनिधिसमेतको सहभागितामा गुरुयोजना कार्यान्वयन संयन्त्र हुनेछ । संघीय सरकारले मूलतः कानुन तथा अन्य आवश्यक मापदण्ड तर्जुमा गर्नेछ । स्थानीयस्तरमा कार्यक्रम सञ्चालन, सचेतना, दुरूपयोग रोकथाम तथा नियन्त्रणका लागि जिल्ला प्रशासन र प्रहरीले हेर्नेछ । यस्तै ओसारपसार बेचबिखन, प्रयोग र संगठित अपराध रोक्नका लागि लागुऔषध नियन्त्रण ब्युरोको भूमिका रहनेछ ।

प्रदेशको लागुऔषध प्रयोग रोकथाम, नियन्त्रणमा आवश्यक रणनीति लिने, सचेतना फैलाउने, तालिम, अभिमुखीकरणको भूमिका रहने गरी योजना बनाइएको छ । यस्तै स्थानीय तहले भने संघ र प्रदेशबाट निर्धारण भएका कार्यक्रममा सहयोग, समन्वय, साझेदारी गर्न भूमिका निर्वाह गर्ने उल्लेख छ । यस्तै अवस्था र जोखिमका आधारमा कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्नेछ । अन्य निकायसँग ती कार्यक्रममा समन्वय र साझेदारी गरी योजना लागू हुने जनाइएको छ ।

नेपालको १५औं योजनामा शान्ति सुव्यवस्था र सुरक्षाअन्तर्गत लागुऔषध नियन्त्रणको विषय समावेश भएको छ । उक्त योजनामार्फत सरकारले बहुसरोकारवालासँगको साझेदारीमार्फत सामाजिक विकृति विसंगति, द्वन्द्व, अपराध, हिंसा र लागुऔषध कारोबार तथा दुर्व्यसन नियन्त्रणको रणनीति लिइएको छ । यस्तै लागुऔषध दुर्व्यसनमा परेका व्यक्तिलाई उपचार पुनःस्थापना गरी उद्यमशील र आत्मनिर्भर बनाइने उल्लेख छ । विभिन्न कानुन तथा राज्यले निर्धारण गरेको योजनाअनुसार त्यसलाई प्रभावकारी बनाउने गरी गुरुयोजना बनाइएको गृह मन्त्रालयका सहसचिव डा.भीष्मकुमार भुसालले बताए ।

उनका अनुसार मंगलबार मात्रै गृहमन्त्रीबाट गुरुयोजना स्वीकृत भई अब कार्यान्वयनको चरणमा अघि बढेको हो । उनले उत्पादनशील युवालाई जोगाउनु नै यसको दीर्घकालीन महत्त्व रहेको बताए । त्यसैले पाठचक्रममै समावेश गर्ने गरी प्रक्रियासमेत अघि बढाइएको छ । *रासस*

# ‘संस्कृति र परम्पराको पुस्तान्तरण गर्नुपर्छ’

■ प्रभाव संवाददाता

**काठमाडौं–** मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मीले नेपालका चाडपर्व र जात्रालगायतका संस्कृति हाम्रा पहिचान भएको बताएका छन् । राससका फोटो पत्रकार रत्नकृष्ण श्रेष्ठको भक्तपुरको थिमिमा हुने ऐतिहासिक बिस्काः जात्रासम्बन्धी एकल फोटो प्रदर्शनीको अवलोकनपछि उनले उक्त कुरा बताएका हुन् । आफ्नो सभ्यता र संस्कृतिको संरक्षण एवं सम्वर्द्धन गर्ने उद्देश्यले गरिएको फोटो प्रदर्शनी नयाँ आयाम भएको उनले उल्लेख गरे ।

‘नेपाल र नेपालीको सभ्यता, संस्कृति र मौलिक पहिचान बोकेका जात्रालगायतका आफ्ना संस्कृति र परम्परालाई पुरानो पुस्ताबाट युवा हुँदै नयाँ पुस्तामा हस्तान्तरण गरी समुन्नत बनाउनुपर्छ,’ पूर्वअध्यक्ष रेग्मीले भने । भूकम्प र कोरोनाबाट अप्ठ्यारो खडा गरेको परि स्थितिमासमेत जात्रालाई निरन्तरता प्रदान गरिएका तस्बिर स्वयंबाट खुलेको बताउँदै उनले जात्रा र महोत्सव धार्मिक अवस्थासँग जोडिएकाले विदेशीले समेत निकै चासो र उत्साहपूर्वक लिने गरेको उल्लेख गरे ।

पत्रकार श्रेष्ठले १० वर्षयता खिचेका ठिमीमा मनाइने बालकुमारी, दक्षिण बाराही, विष्णुवीर, सिद्धिकाली गण, नगदेशको सिद्धि गणेश तथा बोडेको महालक्ष्मी गण र जिब्रो छेड्ने जात्राका १०० तस्बिर प्रदर्शनीमा राखिएको छ । विद्यालयका छात्रछात्रा, समाजका विभिन्न क्षेत्रका व्यक्ति ऐतिहासिक जात्राका तस्बिर हेर्न प्रदर्शनीमा पुगेका थिए । भृकुटीमण्डपस्थित पर्यटन बोर्डमा जारी प्रदर्शनी आजसम्म चल्नेछ ।

## दाहाल...

पृष्ठ १ बाट जारी

भवनको शिलान्यास गर्दै उनले महानगरमा धेरै विकास भएको बताएका थिए । सोही दिन माओवादी केन्द्र जिल्ला समन्वय समितिको प्रथम विस्तारित बैठकलाई दाहालले सम्बोधन गरेका थिए । त्यसको अघिल्लो दिन दाहाल चैत १० मा आफ्नो निर्वाचन क्षेत्रका पाँच कार्यक्रममा सहभागी भएका थिए ।

उनले माडी-२ मा निर्माण सम्पन्न भएको चिरौली सडकको उद्घाटन गरे । त्यसपछि माडीकै परुई खोलाको पुल र कुसुमखोलाका चेपाङ समुदायलाई निर्माण गरिदिएको चेपाङ नमूना वस्तीको उद्घाटन गरेका थिए । उनले माडीका अगुवा नेता कार्यकर्तालाई सम्बोधन गर्दै प्रशिक्षण दिए । त्यसपछि भरतपुर शारदानगरमा आयोजित महिला फुटबल लिगको उद्घाटन गरे । उद्घाटन कार्यक्रममा उनले गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला सरकारको दायित्वभित्र आएको र त्यसको काम अघि बढाउन आफूले सहयोग गर्ने प्रतिबद्धता जनाए ।

चैत ११ मा काठमाडौं फर्किएका दाहाल १६ गते फेरि चितवन पुगे । त्यसदिन उनले राप्ती नगरपालिकामा निर्माण गरिएको विद्युत् सबस्टेसनको उद्घाटन गरे । बस्ती क्षेत्रमा सबस्टेसन निर्माण गरिएको भन्दै स्थानीयले विरोध गरिरहे पनि दाहालले उद्घाटन गरे । हाल ऊर्जामन्त्री माओवादीकै पम्फा भुसाल छन् ।

सोही दिन दाहालले संघीय सरकारको बजेटमा बनाउन लागिएको नारायणी तटबन्धको शिलान्यास गरे । झण्डै पाँच अर्ब रूपैयाँ लागतमा बन्न लागेको २३ किलोमिटर तटबन्धको दाहालले भरतपुर-२६ स्थित शिसुवारमा शिलान्यास गरेका थिए । त्यस्तै, उनले महानगरको रिङर ोडअन्तर्गतको पश्चिम खण्डको सडकको शिलान्यास पनि गरे । पटिहानीमा निर्माण गरिएको बहुउद्देश्यीय कबर्ड हलको पनि उनले उद्घाटन गरे ।

यसले दाहाल चितवनलाई लिएर उकुसमुकुसमा छन् भन्ने प्रस्ट हुन्छ । जसरी पनि फेरि भरतपुरको मेयर हत्याउने रणनीतिमा लागेका उनी त्यसका लागि माहोल बनाउन लागिपरेको माओवादीकै एक नेताले बताए । उनको चितवन दौडधुप त्यसैको उपज हो । बुधबार भरतपुरमा आयोजित कार्यक्रममा बोल्दै उनले निर्वाचनमा गठबन्धन गरेर जाने निर्णय गरिसकेको भन्दै सबैले लचिलो हुन सिक्नुपर्ने उल्लेख गरेका थिए । जसको आशय कांग्रेसको दाबीलक्षित थियो ।

‘हामीले चुनावमा गठबन्धन गरेर जाने निर्णय गरिसक्यौं । सबैले आ-आफ्नो ठाउँमा लचिलो हुन सिक्नुपर्छ । त्याग गर्ने मानसकिता बनाउन सकियो भने असम्भव हुँदैन,’ दाहालले भने ।

देशलाई छिटोभन्दा छिटो समाजवादउन्मुख राज्यतर्फ लैजान मिलेर जान आवश्यक रहेको उनको भनाइ थियो । उनले यसपल्ट धेरै महिलालाई मेयर र उपमेयर बनाउने चाहना रहेको पनि बताए । भरतपुरमा महिला मेयर र उपमेयरले राम्रो काम गरेको उनको भनाइ थियो ।

भरतपुर महानरपालिकोको नेतृत्वका लागि माओवादी र कांग्रेसबीच निकै माथापच्ची हुने देखिन्छ । कांग्रेसले भरतपुरमा आफूले मेयर नपाउने हो भने एक्लै अघि बढ्ने बताए पनि सोमबार सत्ता गठबन्धन आबद्ध दलको जिल्लास्तरीय बैठकमा तालमेल गरेर जाने विषयमा सहमति भएको छ । यद्यपि, त्यसको मोडालिटी भने टुंगो लागेको छैन । गठबन्धन दलले केही दिनअघि महानगरको हकमा केन्द्रबाटै उम्मेदवार टुंग्याउने निर्णय गरेकाले पनि मोडालिटी बन्न नसकेको हो ।

अघिल्लो स्थानीय निर्वाचनमा चितवनका सातमध्ये भरतपुर महानगरसहित माडी नगरपालिकामा माओवादीले जितेको थियो । एमालेले रत्ननगर, खैरहनी, राप्ती र कालिका नगरपालिकामा जितेको थियो भने कांग्रेसले इच्छाकामना गाउँपालिका मात्र जितेको थियो ।

## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

चैत २४ गते (बिहीबार, तिथिः षष्ठी, नक्षत्रः मृगशिरा, शुक्लपक्ष)

**मेष** अनावश्यक यात्रा नगर्नुहोला ।

**वृष** स्वास्थ्य राम्रो रहनेछ । अनावश्यक विवादको योग छ ।

**मिथुन** नौलो कार्यहरूमा विशेष सावधानी राख्नुहोला । शैक्षिक प्रगति हुनेछ ।

**कर्कट** पराक्रम बढ्नेछ । शत्रु कमजोर हुनेछ ।

**सिंह** दैनिक सबै कार्यमा सफलता प्राप्त हुनेछ । अर्कामाथि भरोसा नगर्नुहोला ।

**कन्या** पैतृक सम्पत्ति प्राप्तिको योग छ । धार्मिक कार्यमा रूचि बढ्नेछ ।

**तुला** आफन्तहरूबाट काममा महत्त्वपूर्ण सहयोग मिल्नेछ ।

**वृश्चिक** नयाँ सोचअनुसार काम हुनेछ । विरोधी सक्रिय रहनेछ ।

**धनु** कृषिजन्य कार्यमा लाभ प्राप्त हुनेछ । स्वास्थ्य राम्रो रहनेछ ।

**मकर** धन प्राप्तीको योग छ । पारिवारिक जीवन सुखी रहनेछ ।

**कुम्भ** सामाजिक कार्यमा सक्रियता बढ्नेछ । मनोबल उच्च रहनेछ ।

**मीन** यात्रा सफल रहनेछ । नातेदारसँग भेटघाट हुनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आ'खा बैंक | ४४९३६८४ |
| नेपाल आ'खा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आ'खा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

चैत २४ गते, २०७८, ७ अप्रिल २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# अर्थतन्त्रमा सुधार ल्याउन सरकार चनाखो बन्नुपर्छ : डा. महत



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका प्रभावशाली नेता तथा पूर्वअर्थमन्त्री डा.रामशरण महतले सरकारले पुँजीगत खर्च गर्न नसकेको गुनासो पोखेका छन् ।

बुधबार रिपोर्टर्स क्लबमा आयोजित साक्षात्कार कार्यक्रममा बोल्दै पूर्वमन्त्री महतले अहिले नेपालको आर्थिक अवस्थामा केही समस्या आएको टिप्पणी गरे । उनले अनुपयुक्त रूपमा नेपालमा बजेट धेरै ठूलो घोषणा गर्ने काम भएको भन्दै गुनासो पोखे ।

महतले भने, 'बजेट धेरै ठूलो घोषणा गर्ने अनि कार्यान्वयन नै नहुन नसक्ने बजेट ठूलो बनाएपछि, आन्तरिक र बाह्य ऋण पनि बढाउने, यसले ठूलो घाटा भएको छ । मैले अर्थमन्त्री हुँदा ६/७ वर्ष पहिले कूल तिर्नुपर्ने आन्तरिक ऋणचाहिँ जम्मा जिडिपीको २५ प्रतिशत बराबर थियो, अहिले बढ्दै बढ्दै गएर जिडिपीको झण्डै ४० प्रतिशत आन्तरिक ऋण भएको छ । करिब ६० प्रतिशत जति वैदेशिक ऋण छ । यसरी ऋण निकै बढेको छ । आन्तरिक ऋण पनि सार्वजनिक रूपमा ठूलो ऋण उठाएन । जिडीपीको दुई प्रतिशतभन्दा बढि आन्तरिक उठ्न हुन्न भन्ने हाम्रो नीति थियो। जिडिपीको अहिले छ प्रतिशत आन्तरिक ऋण लिने घोषणा गरिएको छ । यसले गर्दा बजेट कार्यान्वयन हुन नसक्ने अवस्था पनि देखिएको छ ।'

उनले यो आर्थिक वर्षमा १६ खर्बको बजेट रहेको र गएको ७ महिनाको रिपोर्ट हेर्दा जम्मा पाँच खर्बमात्रै खर्च भएको तथ्यांक सुनाए ।

उनले विदेशबाट आयात निकै बढेको तथ्यांक सुनाए । महतले विदेशी मुद्राको सञ्चिती र रेमिट्यान्स पनि कम भएको बताए । उनले विकास आयोजनाहरूको सही तवरले कार्यान्वयन हुनुपर्नेमा जोड दिदैं अहिले ती आयोजनाहरूको कार्यान्वयन सही तवरले नभएको बताए । आर्थिक विकासको लागि पहिलो कुरा त आर्थिक वृद्धिदर बढाउनुपर्ने उनको सुझाव छ ।

'देश श्रीलंकाजस्तो हुनसक्छ'

त्यस्तै पूर्व मुख्यसचिव डा. विमलप्रसाद कोइरालाले अहिले अर्थतन्त्रमा देखिएको समस्या समाधानको लागि सरकार गम्भीर नभए श्रीलंकाजस्तो अवस्था आउनसक्नेतर्फ सचेत गराएका छन् ।

उनले भने, 'अहिले विदेशी मुद्रामा चाप परेको छ । हुन त अहिले आत्तिहाल्नुपर्ने अवस्था छैन । सरकारले चनाखो भएर उपयुक्त कदम चाल्नुपर्छ । सुधार गर्नुको विकल्प छैन । तर, हामीले होस् पुऱ्याएनौं भने श्रीलंकाजस्तो अवस्था हुनसक्छ ।'

उनले बजेट घाटा बढ्दै गयो भने त्यसलाई पूर्ति गर्नको लागि आन्तरिक र बाहृय ऋण लिनुपर्ने हुनसक्ने पनि सुनाए । अर्थतन्त्रमा खाली राजनीति राजनीति भनेर नहुने पनि उनको धारणा छ ।

उनले वित्तीय स्थिरता र वित्त सन्तुलनले अर्थतन्त्र सुधारको लागि महत्वपूर्ण भूमिका खेल्ने बताए । नेपाल उद्योग परिसंघका अध्यक्ष विष्णुकुमार अग्रवालले अहिलेको अर्थतन्त्रमा देखिएको समस्या हल गर्न सकिने विश्वास दिलाए । सरकारले अर्थतन्त्र सुधारको लागि चालेको कदम पनि सकारात्मक रहेको उनको भनाई छ । उनले श्रीलंकाजस्तो नेपालमा पनि समस्या हुन्छ कि भन्ने चर्चा भैरहेको उल्लेख गर्दै त्यस्तो अवस्था नरहेको स्पष्ट पारे ।

अहिले अर्थतन्त्र सुधारको लागि सरकारको तर्फबाट चालिएको स्टेप राम्रै रहेको उनको तर्क छ ।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. मिनबहादुर श्रेष्ठले अर्थतन्त्रमा देखिएको समस्या समाधान गर्न सकिने भन्दै यसको लागि सबै निकायले समन्वयात्मक भूमिका खेल्नुपर्ने आवश्यकत्ता औंल्याए ।

उनले अहिले अर्थतन्त्र संकुचनमा जानुको आन्तरिक र बाहृय दुवै कारण रहेको सुनाए । रेमिट्रायन्सको अवैद्य कारोबार हटाउनुपर्ने र औपचारिक च्यालनबाट मात्रै रेमिट्यान्स ल्याउन प्रोत्साहन गर्नुपर्ने उनको भनाई छ । उनले अहिले पेट्रोलियम पदार्थको उपयोग कम गर्नुपर्ने पनि धारणा राखे । उनले नेपालको आर्थिक अवस्था पनि श्रीलंकाजस्तो अवस्था हुन थाल्यो भन्ने कुरा पनि चर्चामा रहेको सुनाए ।

अहिले अर्थतन्त्रमा समस्या आउनुको बाहृय कारण भने कोभिडको महामारी नै भएको सुनाए । उनले नेपालको अर्थतन्त्रको समस्या श्रीलंकाजस्तो संकट नभएको जिकिर गरे ।

## विद्यालयमा खाजा बनाउन पालो

**बलेवा–** काठेखोला गाउँपालिका-७ रेशकी आशा गुरुङको दुई महिनापछि विद्यालयमा खाजा बनाउने पालो आयो । विद्यालयले खबर गरेपछि उनी सबै काम छाडेर विद्यालयमा खाजा बनाउन पुगिन् । विद्यालयको चेमनागृहमा दिनभर लगाएर खाजा बनाएपछि गुरुङको काम बालबालिकालाई खाजाको भाग लगाइदिने हो । प्राथमिक तहका सबै विद्यार्थीले खाजा खाइसकेपछि मात्र उनी घर फर्किईन् ।

रेश नुन्थला माध्यमिक विद्यालयमा गुरुङका दुई छोराछोरी अध्ययनरत छन् । गुरुङमात्रै होइन, उक्त विद्यालयमा प्राथमिक तहमा अध्ययन गर्ने सबै विद्यार्थीका अभिभावकको पालो हरेक दुई महिनामा आउँछ । सरकारले उपलब्ध गराएको निःशुल्क खाजा कार्यक्रमअन्तर्गत रेश नुन्थला माविले अभिभावकले नै खाजा बनाएर खुवाउने कार्यक्रम बनाएको हो ।

विद्यालयले अभिभावककै सल्लाहमा बनाएको सो नियमले अहिले सबैलाई सजिलो भएको छ । 'खाजा खर्च दिएर पठाउनुभन्दा यहीँ खाजा बनाएर खुवाउँदा केटाकेटी खुसी छन्, ताजा पनि हुन्छ,' गुरुङले भनिन्, 'दुई महिनामा एकपटक विद्यालय आउँदा यहाँको वातावरणबारे हामीलाई जानकारी हुन्छ, सरहरूलाई सल्लाह दिन पाइन्छ ।'

सामुदायिक विद्यालयप्रति अभिभावकको चासो बढाउनकै लागि अनिवार्य खाजा बनाउने कार्यक्रम तयार गरिएको प्रधानाध्यापक ओमबहादुर थापाले बताए ।

'उहाँहरू यहाँ आउँदा सरसल्लाह हुन्छ, आफ्ना बालबालिकाको पढाइ र विद्यालयबारे समेत थाहा पाउनुहुन्छ,' थापाले भने, 'धेरै विद्यार्थी छन्, दुई महिनामा खाजा बनाउन पालो आउँछ ।'

सरकारले विद्यार्थीको खाजावापत दिने रकमबाट विद्यालयले सामग्री खरिद गर्छ । विद्यालयकै चमेनागृहमा खाजा बनाउनका लागि सबै सामग्री तयार पारिएको हुन्छ । कोदोको पिठो, सुजी, चना, अण्डा, रोटीलगायत खाजा बनाएर अभिभावकले विद्यार्थीलाई खुवाउँछन् । अभिभावकको पालो भने विद्यालयले तोक्छ । *रासस*


**Division Forest Office**

**Makawanpur, Hetauda**

**INVITATION FOR BIDS**

Second Date of publication: 2078/12/24

**Division Forest Office Makawanpur** invites bids from the duly registered eligible national bidders for following works. Complete set of Bidding Document in English is available online and can be downloaded from e-GP system of PPMO: **www. bolpatra.gov.np/egp.**

1. Construction of Gate and Guard house at Hattisar, Bhimphedi, Makawanpur (MOFE/DFOMAK/SQ/WORKS/2078-79/02)
2. Repair and Maintenance of Hattisar Museum at Bhimphedi, Makawanpur (MOFE/DFOMAK/SQ/WORKS/2078-79/03)



**माथिल्लो ईङवा खोला साना जलविद्युत आयोजनाको ९.७ मे. वा. को परिमार्जित प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना**

**(प्रकाशन मितिः २०७८/१२/२४)**

श्री ईङवा हाइड्रोपावर लि. द्वारा प्रदेश नं. १ को ताप्लेजुङ्ग जिल्लाको सिदिङ्वा गाउँपालिका वडा नं. २,३ र पाँचथर जिल्लाको याङ्बरक गाँउपालिका वडा नं. २ र ३ मा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | नामः ईङवा हाइड्रोपावर लि.<br>ठेगानाः ट्रेड टावर थापाथली, ललितपुर<br>मोबाइल नं.: ९८०१२४४२३०, ०१-५१११०९३ |
| प्रस्तावको व्यहोरा | श्री ईङवा हाइड्रोपावर ली. प्रस्तावक रहेको माथिल्लो ईङवा खोला साना जलविद्युत आयोजनाको ९.७ मे. वा. ताप्लेजुङ्ग जिल्लाको सिदिङ्वा गाउँपालिका वडा नं. २,३ र पाँचथर जिल्लाको याङ्बरक गाँउपालिका वडा नं. २ र ३ मा पर्दछ । प्रस्तावित आयोजना रन अफ रिभर प्रकृतिको रहेको छ । आयोजनाका मुख्य अवयवहरुमा डाइभर्जन वयेर, अन्डरस्लुइस, इन्टेक, ग्राभेल ट्रयाप, एप्रोच क्यानल, टर्वाइन, डिसेन्डिङ बेसिन,हेडरेस पाइप, सर्ज ट्याङ्क, हाई प्रेसर पेनस्टक, टर्वाइन तथा प्रसारण लाइन आदि पर्दछन् ।<br>आयोजनाको विद्युतगृह तथा टेलरेस संरचना ईङवा खोलाको दाँया किनारमा अवस्थित रहेको छ । यस आयोजनाका लागि प्रस्तावित सतही विद्युतगृहको लम्बाई ३३.९ मि., चौडाई १५.९५ मि. र उचाई १२.० मि. रहको छ । प्रस्तावित आयोजनाको डिजाइन डिस्चार्ज ६.४२ घनमिटर प्रति सेकेण्ड रहेको छ । उक्त आयोजना कार्यान्वयन गर्नुपूर्व वातावरणीय संरक्षण नियमावली, २०७७ अन्तर्गत अनुसूची १२ (नियम-७ को उपनियम (२) बमोजिम परिमार्जित प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको लागि यो सूचना प्रकाशित गरीएको छ । |
| प्रभाव पर्ने सक्ने जिल्ला/न. पा./ गा. पा. | ताप्लेजुङ्ग जिल्लाको सिदिङ्वा गाउँपालिका वडा नं. २,३ र पाँचथर जिल्लाको याङ्बरक गाँउपालिका वडा नं. २ र ३ |

तथा माथि उल्लिखित प्रस्तावको परिमार्जित प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी एकिन गर्न सो स्थानको न.पा, गा.पा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना :** | **नामः ईङवा हाइड्रोपावर लि.**<br>ठेगानाः ट्रेड टावर थापाथली, ललितपुर<br>मोबाइल नं.: ९८०१२४४२३०, ०१-५१११०९३ |
| **परामर्शदाताको नाम र ठेगाना :** | **नेपाल इन्भाइरोमेन्ट एण्ड डेभेलेभमेन्ट कन्सल्ट्यान्ट प्रा. लि.**<br>ठेगाना : काठमाडौ महानगरपालिका वडा नं ३५, बसन्तमार्ग, ववरमहल, काठमाडौं, नेपाल ।<br>फोन नं : ९८०११०५९८०<br>इमेल : Consultingnepal@gmail.com |



महेन्द्रनगर उच्च माध्यमिक विद्यालय

**भीमदत्त नगरपालिका–१८, कञ्चनपुर**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना**

सूचना प्रकाशित मिति : २०७८।१२।२४

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०७८/११/०३ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसारको म्याद भित्र PPMO को EGP Portal मा दर्ता हुन आएका बोलपत्रहरू मध्ये प्राविधिक प्रस्तावहरूको मूल्यांकनमा सारभूत रूपले प्रभावग्राही भएका तपसिलका बोलपत्रदाताहरूले पेश गरेको आर्थिक प्रस्ताव मिति २०७८/१२/२७ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ङ) उपनियम ५ बमोजिम बोलपत्र पेश गर्ने सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरू |
|---|---|---|---|
| १. | 01/ABMS/ 2078/079/kan | Construction of Mahendranagar Secondary School Building, Bheemdatt-18, kanchanur | 1. Prasansa Construction, Kailali<br>2. Y.R. Construction Pvt. Ltd. Mahendranagar, kanchanpur.<br>3. Narsingh-Rakhi-Jagadamba Construction Baneswor JV, Kathmandu<br>4. Shanidev Jay Durge JV Ram Shah Path, Kathmandu.<br>5. Swar Construction Pvt. Ltd. Achham |

**प्रधानाध्यापक**



प्रदेश सरकार

**स्वास्थ्य मन्त्रालय**

**प्रदेश नम्बर १**

**स्वास्थ्य निर्देशनालय**

जिल्ला अस्पताल पाँचथर

फिदिम, पाँचथर

**फोहोरमैला व्यवस्थापन सम्बन्धी घरटहरा निर्माण कार्य सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७८/१२/२४**

यस अस्पतालको लागि चालु आ.व. ०७८/७९ मा फोहोरमैला व्यवस्थापन गर्नका लागि आवश्यक पर्ने घरटहरा निर्माण कार्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट निर्माण कार्य गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनको (अन्तिम दिन बिदा परे सोको भोलिपल्ट) कार्यालय समयभित्र इच्छुक निर्माण व्यवसायी फर्म/सप्लायर्स/कम्पनीहरुले पालना गर्नुपर्ने शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ । प्रत्येक दरभाउपत्र फाराम रु ३०००/- (फिर्ता नहुने गरी) तिरी यस कार्यालयबाट फाराम खरिद गर्न सकिनेछ र २२ औं दिनको १२.०० बजेभित्र सिलबन्दी दर भाउपत्रहरु दर्ता गराई सक्नुपर्नेछ। पेश हुन आएका सिलबन्दी दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजे यस कार्यालयमा खोलिनेछ । सिलबन्दी दरभाउपत्र दर्ता गर्ने तथा खोलिने दिन बिदा परे सो सम्बन्धी कार्य सोको भोलिपल्ट सोही समयमा गरिनेछ । यस सम्बन्धी विस्तृत विवरणको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा जानकारी गराइन्छ । साथै थप जानकारीका लागि ९८५१०७८६९५ मा सम्पर्क गर्न सकिनेछ ।

| सि.नं. | ठे.नं. | कामको विवरण | ल.ई. रकम (रु. मू.अ.क. सहित) | धरौटी रकम रु. | कै. |
|---|---|---|---|---|---|
| १. | ५-२०७८/०७९ | अस्पतालजन्य फोहोरमैला व्यवस्थापनका लागि घरटहरा निर्माण कार्य | रु. ३३,८९,८२४।१४ | रु.१,००,०००।०० | |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# श्रमिकलाई बोझ थप्ने काम नगरियोस्

मुलुकमा पटक–पटक आएको राजनीतिक परिवर्तनसँगै विभिन्न राजनीतिक दलले सत्ताको बागडोर सम्हाले । तर, राजनीतिक अस्थिरता र द्वन्द्वको चरम पीडा व्यहोरेका जनताले परिवर्तनको खास अनुभूति अहिलेसम्म गर्न पाएका छैनन् । तत्कालीन् नेकपा माओवादी नेतृत्वमा चलेको १० वर्षे जनयुद्धको अन्त्य र २०६२/६३ को जनआन्दोलनको बलमा आएको गणतन्त्रपछि जनताले परिवर्तनको आशा गरेका थिए । राजनीतिक दल र तिनका नेताहरूको स्वार्थ केन्द्रित राजनीतिले जनताको त्यो आशा अझै अधुरै छ ।

२०७२ मा नेपालको नयाँ संविधान जारी भएपछि मुलुक संघीय संरचनामा रूपान्तरण भयो । संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकार बने । दलहरूले राजनीतिक अस्थिरता अन्त्य भएको उद्घोष गरे । विकास र समृद्धिको नारा बाँडे । तर, व्यवहारमा त्यो देखिएन । चुनावबाट दुईतिहाइ बहुमतप्राप्त गरेको सरकार पूरा अवधि काम नगर्दै ढल्न पुग्यो । यसको कारण तत्कालीन सत्तारुढ दलभित्रको आन्तरिक किचलो थियो । त्यससँगै विकास, समृद्धि, रोजगारीलगायतका नारा र प्रतिबद्धताहरू अलपत्र परेका छन् ।

मुलुकमा रहेको बेरोजगारीको समस्यालाई सम्बोधन गर्न भन्दै सरकारले विभिन्न कार्यक्रम ल्याए पनि त्यो प्रभावकारी बन्न सकेन । जसकारण रोजगारीका लागि युवाहरू विदेशिनुपर्ने बाध्यता कायमै छ । स्वदेशमै काम गर्ने चाहना हुँदाहुँदै बाध्यताले विदेशिने युवाहरूको संख्यामा अहिले पनि कमी आउन सकेको छैन । अझ मुलुकमा आर्थिक संकटको संकेत देखिँदा बेरोजगारी थप बढ्ने आकलन हुन थालेको छ ।

वैदेशिक रोजगारीमा गएका श्रमिकहरूले पठाएको रेमिटचान्सले मुलुकको अर्थतन्त्र धानेको कुरा लुकेको छैन । तिनै श्रमिकहरू वैदेशिक रोजगारीमा जाँदा पीडित हुने क्रम भने नेपालबाटै सुरु हुन्छ । वैदेशिक रोजगार व्यवसायीहरूले मनलाग्दी शुल्क असुलेर श्रमिकमाथि आर्थिक भार थोपर्ने कार्यलाई रोक्न सरकारले छ वर्षअघि 'फ्रि भिसा, फ्रि टिकट'को व्यवस्था लागू गरेको थियो । २०७२ सालमा लागू गरिएको उक्त नियमअनुसार व्यवसायीले श्रमिकबाट १० हजार रूपैयाँ मात्र सेवा शुल्क लिन पाउँछ । यो व्यवस्थाले विदेश जाने श्रमिकहरूलाई ठूलो राहत दिलाएको थियो । न्यूनतम ८० हजारदेखि एक–डेढ लाख रूपैयाँसम्म म्यानपावरलाई बुझाउनुपर्ने उनीहरूले १० हजार रूपैयाँ मात्र तिरेर विदेश जान पाएका थिए ।

तर, कागजी रूपमा लागू गरिएको यो व्यवस्था व्यवहारमा लागू भइरहेको पाइँदैन । 'फ्रि भिसा, फ्रि टिकट' हटाउन निरन्तर लबिइङ गरिरहेका वैदेशिक रोजगार व्यवसायीहरू आफैं १० हजारमात्र लिएर विदेश पठाउन नसक्ने स्वीकार गर्छन् । उनीहरूको यो स्वीकारोक्तिले पनि निःशुल्क भिसा र टिकटको व्यवस्था पूर्णरूपमा कार्यान्वयनमा आउन नसकेको प्रस्ट हुन्छ । यसमा मुख्य कमजोरी सरकारी निकायको हो । प्रभावकारी अनुगमन र कारबाही हुन नसक्दा 'फ्रि भिसा, फ्रि टिकट' कागजमै सीमित बनेको अवस्था छ ।

यसैबीच, वर्तमान श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले व्यवसायीकै पक्ष लिएर 'फ्रि भिसा, फ्रि टिकट'को व्यवस्था परिवर्तन गर्ने संकेत दिएका छन् । उनले यो व्यवस्था अव्यवहारिक भएको भन्दै असन्तुष्टि जनाएनन् मात्र, यसलाई छिट्टै परिवर्तन गर्ने बताएका छन् । मन्त्रीको उक्त भनाइले व्यवसायीहरूलाई उत्साहित बनाएको छ । तर, श्रमिकहरूलाई पीडा थप्ने आशंका बढेको छ । नयाँ कस्तो व्यवस्था गर्न लागिएको हो भन्ने मन्त्रीले खुलाएका छैनन् । व्यवसायीहरूले भने कम्तीम एक महिनाको पारिश्रमिक बराबर शुल्क लिन पाउनुपर्ने माग गरिरहेका छन् ।

मन्त्री श्रेष्ठले व्यवसायीको दबाबमा हालको व्यवस्था हटाउन लागेको हो भने त्यो पक्कै पनि श्रमिकको हितमा हुँदैन । तत्कालीन सरकारले धेरै पटक अध्ययन गरेर नै यो व्यवस्था लागू गरेको थियो । व्यवसायीले विरोध गर्नुको औचित्य पनि खास देखिँदैन । किनभने, कामदार लैजाने सम्बन्धित कम्पनीबाटै व्यवसायीले सेवा शुल्क पाउँछन् । यहाँ श्रमिकसँग उठाउने भनेको व्यवसायीको अतिरिक्त आम्दानी हो । त्यसैले 'फ्रि भिसा, फ्रि टिकट'को व्यवस्था परिवर्तन गर्नैपर्ने भए श्रमिकको हित पहिलो प्राथमिकतामा हुनुपर्छ । यसमा व्यवसायीले उपयुक्त विकल्प दिन सक्नुपर्छ । अन्यथा, हचुवाको भरमा नियम परिवर्तत गरेर श्रमिकलाई आर्थिक भार थोपर्ने काम नगरियोस् ।

# ऊर्जा क्षेत्रमा ऐतिहासिक फड्को बन्नेछ भारत–नेपाल दृष्टिकोण

▸▸ कृष्ण अधिकारी

'तपाईंहरू जति पनि विद्युत् उत्पादन गर्नोस्, हामी किनेदिने छौँ, नेपालमा बढी भएको बिजुली खेर नजाने सुनिश्चित गर्न चाहन्छु,' भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले दिएको यो अभिव्यक्तिले नेपालमा बढी भएको बिजुली सहजैरूपमा भारत र सार्क राष्ट्रमा निर्यात गर्ने मार्गप्रशस्त गरेको छ । यसलाई ऊर्जा क्षेत्रमा हालसम्मकै सबैभन्दा ठूलो उपलब्धिको रूपमा लिन सकिन्छ ।

हालै प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणका अवसरमा हैदराबादमा आयोजित संयुक्त पत्रकार सम्मेलनलाई सम्बोधन गर्ने क्रममा भारतीय प्रधानमन्त्री मोदीले लामो समयदेखि नेपालको विद्युत् भारतमा बिक्री गर्ने विषयमा रहेको द्विविधा र आशंकालाई मेट्दै भने, 'अब यसमा सन्देह गर्ने अवस्था छैन । हामीलाई बिजुली चाहिएको छ, तपाईंहरू उत्पादन गर्नोस्, हामी किनिदिनेछौँ ।'

प्रधानमन्त्री देउवाको भारत भ्रमणका क्रममा 'ऊर्जासम्बन्धी भारत-नेपाल संयुक्त दृष्टिकोण' जारी गर्दै ऊर्जा क्षेत्रमा एकापसमा सहयोग अभिवृद्धि गर्न दुवै देश सहमत हुनुलाई नेपालको विद्युत्लाई बंगलादेशलगायत क्षेत्रीय बजारमा प्रवेश गराउने लामो समयदेखिको प्रयासले सार्थकता पाएको छ । पारस्परिक लाभ, बजार माग र प्रत्येक देशका आन्तरिक नियमका आधारमा दुवै देशको विद्युत् बजारमा उपयुक्त पहुँच बढाउन राष्ट्रिय ग्रिडको समन्वयात्मक सञ्चालनमा संस्थागत सहयोग गर्ने सहमतिले ऊर्जा क्षेत्रमा नयाँ आयाम थपिएको छ ।

वर्षामा खेर जाने बिजुली क्षेत्रीय बजारमा बिक्री गर्न नेपालले लामो समयदेखि प्रयास गरे पनि सफलता पाउन सकेको थिएन । भारतीय प्रधानमन्त्रीले पहिलोपटक नेपालसँगको जलस्रोत र ऊर्जाका विषयमा वार्ता गर्दा आपसी समानता र सम्मानका आधारमा गर्ने विषय अभिव्यक्त गर्नाका साथै भुटान, बंगलादेश, भारत र नेपाल (बिबिआइएन)मा आपसी सहकार्यको संरचना तयार पार्ने र विस्तार गर्ने उल्लेख गरेका छन् । सो घोषणाले बिबिआइएन देशबीच विद्युत्को व्यापारको संयन्त्रको ढोका खुलेको छ ।

संयुक्त दृटिकोणमा नेपालका केही ठूला आयोजना नेपाल र भारतको संयुक्त लगानीमा विकास गर्ने, अन्तरदेशीय प्रसारणलाइनको निर्माण गर्ने र बजारको मागका आधारमा उपयुक्त पहुँच दिने उल्लेख छ । उपक्षेत्रीय संगठनका रूपमा रहेको बिबिआइएनमा आबद्ध देशलाई नेपालमा बढी भएको बिजुली सहजैरूपमा भारत र बंगलादेशमा निर्यात गर्ने मार्गप्रशस्त हुनुलाई ऊर्जा क्षेत्रमा हालसम्मकै सबैभन्दा ठूलो उपलब्धि हो । समेट्ने भन्ने घोषणा आफैंमा महत्त्वपूर्ण रहेको व्यवसायी बताउँछन् ।

अब नेपालको बिजुली बंगलादेशको बजारसम्म पुग्ने सुनिश्चित भएको छ । भारतले आफ्नो प्रसारण प्रणाली प्रयोग गर्न सहमति नदिँदा नेपालको बिजुली बंगलादेश लैजान मार्गप्रशस्त हुन सकेको थिएन । माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको ५०० मेगावाट बिजुली बंगलादेश लैजाने सहमति यसअघि नै भइसकेको छ । बंगलादेशले नेपालबाट सन् २०४० सम्म नौ हजार मेगावाट बिजुली लैजाने यसअघि नै घोषणा गरिसकेको छ ।

प्रधानमन्त्री देउवाको भारत भ्रमणका क्रममा दुवै देशले संयुक्त रूपमा जारी गरेको छ बुँदामा समेटिएको 'भिजन स्टेटमेन्ट' मा समानता र आपसी सम्मानका आधारमा एक देशले अर्को देशलाई विद्युत् क्षेत्रमा पारस्परिक सहयोग गर्ने उल्लेख छ । प्रधानमन्त्री देउवाको प्रतिनिधिमण्डलमा सहभागी ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसाल भारतको पछिल्लो सहमतिले नेपालमा बढी भएको बिजुली खेर नजाने सुनिश्चितता बढेको बताउँछिन् । उनका भारतीय समकक्षी राजकुमार सिंहले पनि आफूसँगको भेटवार्तामा सोही अभिव्यक्ति दिएको बताउँदै यसलाई नेपालको ऊर्जा क्षेत्रका विकासमा 'ब्रेकथ्रु' मान्न सकिने धारणा राख्छिन् ।

मन्त्री भुसालले भारतका प्रधानमन्त्रीले नै आगामी मनसुनदेखि नै नेपालको धेरै भएको विद्युत् खरिद गर्ने व्यवस्था मिलाउन प्रतिबद्ध रहेको जनाउनाले नेपालको ऊर्जा क्षेत्रमा उत्साह जगाएको टिप्पणी गरिन् । नेपालको बिजुली भारत मात्र होइन बंगलादेशसम्म पनि पुर्‍याउन भारत सरकारले हामीलाई विश्वास दिलाएको उनको भनाइ छ ।

भारतको पछिल्लो स्वीकार्यता तथा उच्च राजनीतिक नेतृत्वको प्रतिबद्धताले नेपालले लामो समयदेखि गर्दै आएको बिजुली निर्यातको प्रयासले सार्थकता पाएको नीति फाउण्डेसनका अध्यक्ष मोहनदास मानन्धर बताउँछन् । उनले प्रधानमन्त्रीस्तरमा भएको घोषणा कार्यान्वयनमा आउने विश्वास व्यक्त गर्दै यसबाट नेपालका निजी क्षेत्रलाई पनि अन्तर्राष्ट्रिय रूपमा बिजुली बिक्रीका लागि बाटो खुला भएको बताए । गत कात्तिकदेखि नेपालले भारतीय अनुदानमा निर्माण भएका नुवाकोटका दुई आयोजनाबाट ३९ मेगावाट बिजुली निर्यात गरेको थियो । नेपालले एक्सचेञ्ज मार्केटमा जान पाउने अनुमतिका लागि लामो समयदेखि माग गर्दै आएको थियो ।

प्रधानमन्त्री देउवाको भ्रमणका अवसरमा भएको ऊर्जाका क्षेत्रमा नेपाल र भारतबीच अन्तर्राष्ट्रिय सौर्य संस्थाको पनि ठूलो महत्त्व छ । स्वच्छ ऊर्जीतर विश्वको आकर्षण मात्र होइन, बाध्यता हुँदै गएको छ । नेपालको जलसम्पदाको अधिकतम उपयोग र संयुक्त लगानीका परियोजना अगाडि बढिरहेका छन् । हैदराबाद हाउसमा प्रधानमन्त्री देउवा र समकक्षी मोदीबीच भएको वार्ताले आगामी दिनमा ऊर्जा क्षेत्रको लगानीलाई अझ बढोत्तरी दिने स्पष्ट छ । नेपालले भारतको एक्सचेञ्ज मार्केटमा प्रवेशका लागि गरेको प्रयासका अलावा अन्य विषयमा पनि सहमति हुनु सुखद् पक्ष मान्न सकिन्छ ।

नेपालबाट बढी भएको विद्युत् भारतले खरिद गरिदिने मात्र नभई वैदेशिक लगानीका लागि पनि बाटो खुला भएको छ । प्रधानमन्त्री देउवाले कर्णाली चिसापानी, पश्चिम सेतीजस्ता ठूला आयोजनामा पनि लगानी गर्न गरेको आग्रहले भविष्यमा भारतका सतलजल, जिएमआरगायत ठूला लगानीकर्ताका लागि नेपाल मुख्य लगानीको थलो बन्नसक्ने देखिन्छ ।

करिब ४०-५० वर्षदेखि जलविद्युत् नेपालको आर्थिक विकासको मेरूदण्ड हुन्छ भन्दै गरे पनि प्रतिफल आउन नसकिरहेका अवस्थामा प्रधानमन्त्रीको भ्रमणले खासगरी जलविद्युत् क्षेत्रमा 'ब्रेकथ्रु' नै गरेको जलविद्युत् व्यवसायी ज्ञानेन्द्रलाल प्रधान बताउँछन् । पहिले हामीले भारतबाट मात्रै विद्युत् खरिद गरिरहेका अवस्थामा अब भारतले पनि नेपालबाट विद्युत् खरिद गर्न जसरी उत्साह देखाएको छ, त्यसले ठूला जलविद्युत् आयोजना निर्माण गरी भारतलगायत छिमेकी मुलुकमा ऊर्जा व्यापार गर्न सकिने सम्भावनालाई कार्यान्वयनमा ल्याउन सकिने भएको उनको ठम्याइ छ ।

### प्रसारणलाइनको उद्घाटन

भ्रमणकै क्रममा प्रधानमन्त्री देउवा र उनका भारतीय समकक्षी मोदीले संयुक्त रूपमा १३२ किलोभोल्ट (केभी) क्षमताको सोलु करिडोर प्रसारणलाइनको श्रव्यदृश्यका माध्यमबाट उद्घाटन गरेका थिए । अब सोलु करिडोरमा निर्माण सम्पन्न भएका र निर्माणका क्रममा रहेका आयोजनाको बिजुली राष्ट्रिय प्रणालीमा जोड्न सहज भएको छ । गत महिनामात्रै निर्माण सम्पन्न भएको उक्त परियोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रणालीमा प्रवाह गर्न निर्माण भएको सोलु करिडोर १३२ केभी डबल सर्किट प्रसारणलाइनको यसअघि नै परीक्षण गरिसकिएको छ ।

सोलुखोला जलाधार क्षेत्रका जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रणालीमा प्रवाह गर्न निर्माण भएको लाइन गत २ फागुनदेखि सञ्चालनमा आएको थियो । नेपाल सरकारको लगानी र भारतीय निर्यात-आयात (एक्जिम) बैंकको सहुलियतपूर्ण ऋणमा यसको निर्माण गरिएको उक्त प्रसारणलाइन सिरहाको मिर्चैयादेखि उदयपुर, ओखलढुंगा हुँदै सोलुखुम्बुको दूधकुण्ड नगरपालिकास्थित तिला सबस्टेसनसम्मको ९० किलोमिटर सञ्चालनमा छ । सो प्रसारणलाइनमा ३०२ टावर निर्माण गरिएको छ ।

सोलु करिडोर प्रसारणलाइन आयोजनाअन्तर्गत तिङ्लामा १३२/३३ केभी, ३० एमभिए र ३३/११ केभी, आठ एमभिए क्षमताको सबस्टेसन निर्माण गरिएको छ । सबस्टेसन निर्माण गरी ७ भदौ २०७६ देखि सञ्चालनमा छ । अहिले तिङ्ला सबस्टेसनबाटै सोलुखुम्बु, ओखलढुंगा र खोटाङमा विद्युत् आपूर्ति हुन थालेको छ । सोलु बेसिनमा २३.५ मेगावाटको सोलु खोलासहित १८ मेगावाटको माथिल्लो सोलु, ८६ मेगावाटको सोलु खोला (दूधकोसी) ८२ मेगावाटको तल्लो सोलु खोलालगायत जलविद्युत् आयोजनाको विद्युत् तिङ्ला सबस्टेसनमा जोडिनेछ । उक्त प्रसारणलाइनमा प्रवाह हुने गरी नेपाल विद्युत् प्राधिकरणले ३२५ मेगावाटका १२ जलविद्युत् आयोजनासँग विद्युत् खरिद सम्झौता (पिपिए) गरेको छ । निर्माण सुरु भएको पाँच वर्षमा सम्पन्न भई प्रसारणलाइन सञ्चालनमा आएको छ ।

पछिल्लो सहमतिले सीमापार अन्तरदेशीय प्रसारणलाइन निर्माणका लागिसमेत मार्गप्रशस्त भएको छ । हालै मात्र सरकारले दोस्रो अन्तरदेशीय प्रसारणलाइन न्यु बुटवल गोखरपुर निर्माणका लागि प्राधिकरणलाई एक अर्ब रूपैयाँ बराबर लगानीका लागि स्वीकृति दिएको छ । कूल ४०० केभी क्षमताको उक्त प्रसारणलाइन १४० किलोमिटर लामो छ । नेपालतर्फ २० किलोमिटर र भारततर्फ १२० किलोमिटर लामो उक्त प्रसारणलाइनसमेत निकट भविष्यमा नै निर्माण सुरु हुनेछ । पछिल्लो सहमतिअनुसार एक अर्का देशको प्रसारण प्रणालीमा एकरूपता ल्याउने, सीमापार अन्तरदेशीय प्रसारणलाइन निर्माण गर्ने र दुवैतर्फबाट बिजुलीको आयात तथा निर्यात गर्ने विषय समेटिएको छ ।

### 'गेमचेञ्जर' पञ्चेश्वर बहुउद्देश्यीय आयोजना

यस पटकको भ्रमणको अर्को उपलब्धि भनेको पञ्चेश्वर परियोजना अगाडि बढाउने सहमतिलाई लिन सकिन्छ । लामो समयदेखि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) समेत तयार हुन नसकेको पञ्चेश्वर बहुउद्देश्यीय जलविद्युत् आयोजनालाई तीव्ररूपमा अगाडि बढाउन नेपाल र भारत सहमत भएका छन् । भारतीय प्रधानमन्त्री मोदीले दुई दशकभन्दा लामो समयदेखि गतिहीन पञ्चेश्वर बहुद्देश्यीय परियोजनालाई द्रुतगतिमा अघि बढाउने प्रतिबद्धता पनि दोहोर्‍याएका छन् । यतिसम्म कि भारतीय प्रधानमन्त्री मोदीले उक्त आयोजनालाई 'गेमचेञ्जर' परियोजनाको संज्ञा दिँदै अगाडि बढाउने प्रतिबद्धता जनाएपछि डिपिआर टुंगो लागेर निर्माण प्रक्रियामा अगाडि बढ्ने देखिएको छ ।

प्रधानमन्त्री देउवा पहिलोपटक प्रधानमन्त्री भएको बेला साढे २५ वर्षअघि महाकाली सन्धि हुँदा छ महिनामा पञ्चेश्वर परियोजनाको डिपिआर बन्नुपर्नेमा अहिलेसम्म परियोजना प्रतिवेदनसम्म बन्न नसक्दा दुवै मुलुकका लागि समस्या थियो । नेपाल र भारतबीच पानी बाँडफाँडका विषयमा कुरा मिल्न नसक्दा महाकाली सन्धि भएको लामोसम्म पनि आयोजनाको डिपिआर नै टुंगिन सकेको छैन । प्रधानमन्त्री देउवाले लामो समयदेखि अल्झाएर राखिएको तर राष्ट्रिय आवश्यकताको अमेरिकी सहयोग कर्पोरेसन(एमसिसी) सम्झौतालाई जसरी राष्ट्रिय राजनीतिक सहमति कायम गरी पारित गराए, त्यसैगरी लामो समयदेखि अल्झिएको पञ्चेश्वर परियोजनालाई टुंगोमा पुर्‍याउन पनि नै समर्थ भएको विश्लेषक बताउँछन् ।

> **हैदराबाद हाउसमा प्रधानमन्त्री देउवा र समकक्षी मोदीबीच भएको वार्ताले आगामी दिनमा ऊर्जा क्षेत्रको लगानीलाई अझ बढोत्तरी दिने स्पष्ट छ । नेपालले भारतको एक्सचेञ्ज मार्केटमा प्रवेशका लागि गरेको प्रयासका अलावा अन्य विषयमा पनि सहमति हुनु सुखद् पक्ष मान्न सकिन्छ ।**

भारतका लागि अब पहिलेको जस्तो नेपालको विद्युत् खरिद नगरे पनि पुग्ने अवस्था छैन । भारतले ऊर्जा सम्मिश्रणमा जाने निर्णय गरिसकेको र सोका लागि सौर्य ऊर्जासँगै ४९ प्रतिशत जलविद्युत् हुनैपर्ने प्रावधानले गर्दा पनि नेपालको विद्युत् खरिद गर्न अब अनिवार्य जस्तै भएको ऊर्जा जानकार बताउँछन् । भारत भ्रमणका अवसरमा दुई देशबीच इन्टरनेसनल सोलार एलाइन्स, रेल्वेसम्बन्धी प्राविधिक सहयोग, पेट्रोलियम पदार्थ आपूर्ति र नेपाल आयल निगम र भारतीय आयल कर्पोरेसनबीच प्रविधिक विज्ञता आदानप्रदान गर्ने सम्झौता भएका छन् । ती सम्झौता आफैंमा दूरगामी महत्त्वका छन् । *रासस*

## मननयोग्य

### विदुर नीति

सज्जन पुरुषले कहिल्यै कसैको ईर्ष्या र डाह नगरोस् । स्त्री वर्गको रक्षा गरोस् । सम्पत्तिको पनि परम्परामा र नोकर-चाकरसमेतलाई दिई भागवण्डा गरेर उपभोग गरोस् । मीठो बोली बोल्ने गरोस् । स्वभावमा सरलता रहोस् । नारीहरूसँग मधुर वचन बोलोस्, तर स्त्रीका वशमा भने नपर्ने गरोस् ।

स्त्रीलाई घरकी लक्ष्मी तथा आदरयोग्य भनिएको छ । यिनिहरू सौभाग्यशालिनी (महालक्ष्मी समान) पवित्र, घरको शोभा (लक्षिन) बढाउनमा गनिन्छन् । यसैले विशेषरूपले गृहिणीको रक्षा गर्नुपर्दछ । गृहिणीको जुन घरमा अभाव रहन्छ, त्यो घरमा स्मसान हुन जान्छ ।

कुनै पनि व्यक्तिले आफ्नो अन्तःपुर (गृह प्रवन्ध) सम्बन्धी कामको जिम्मा आफ्नो बाबु (पिता) लाई लगाओस् किनकि बाबु समानको हितैषी व्यक्ति अरु कोहि पनि हुन सक्तैन । भान्सा र खाने पिउने कुराको व्यवस्था आफ्नी आमाको जिम्मामा राखोस् । गाई वस्तुभाउ र सम्पत्तिका देखभाल आफ्नो आत्मीय एव्म मन परेको मानिसद्धारा गराओस् । खेतीपातीको हेरचाह आफू स्वयले गरोस् । व्यापार र लेनदेनको काम कारबाही नोकर वा सेवकद्धारा गराओस् र ब्राह्मनहरूको सेवा भने आफ्ना पुत्रबाट गराउने गर्नुपर्दछ ।

पानीबाट आगो, ब्राह्मनबाट क्षत्रिय, पत्थरबाट फलम आदि धातुहरू पैदा भएका छन् । यसैले यी पैदा भएका वस्तुहरूको सर्वव्यापी प्रभाव पनि आफूलाई पैदा गर्ने वस्तुहरूमा नै गएर शान्त हुन पुग्दछन् । अर्थात पानीले निभाउँछ ब्राह्मनहरूले क्षेत्रीलाई शान्त गराउँछन् अनि फलामलाई पनि कडा पत्थरले बंगयाईदने गर्दछ ।

श्रेष्ठ कुलमा पैदा भएका अग्निसमान तेजस्वी साधु पुरुषहरू सधैं क्षमाशील हुन्छन् । यस किसिमका विकासरहित व्यक्ति रुखको टोड्काभित्र छिपेर रहेको आगोसमान सधैं शान्त भईरहन्छ ।

जस्को गुप्त कुरालाई उसका शत्रु र मित्र कसैको पनि थाहा पाउन सक्तैनन्, त्यस किसिमको गम्भीर स्वभाव भएको राजाले नै लामो समयसम्म वैभव (ऐश्वर्य) लाई उपभोग गर्न पाउँछ । **क्रमशः**

## पत्र–मञ्जुषा

# कामदारहरूलाई न्यायको सुनिश्चितता कसले गर्ने ?

बजारमा भएको आर्थिक तरलताको बहाना बनाउँदै विभिन्न संघसंस्था, निजी वित्तीय संस्था, होटल, पसल, घरायसी काम गर्नेहरूलाई धमाधम रोजगारीबाट निकालिँदै छ । काम लाउने साहुहरूको एउटै भनाइ- अब हामी तलब दिन सक्दैनौं । हाम्रो पसल, संस्था, होटल नै धराशायी बन्ने स्थितिमा आइसक्यो । हिजो आफूलाई नाफा हुञ्जेल थोरै तलब दिएर कामदार दलाउने । अहिले आफ्नो आम्दानी घट्नेबित्तीकै कामबाट निकाल्ने । मुलुकमा ऐन कानुन छैन ? कामदारका लागि सरकार छैन ? सरकारले मासिक १५ हजार रूपैयाँ तलब दिने भनेता पनि निजी फर्म, कम्पनीले सातदेखि आठ हजारमा काम लगाउँछन् । यता, घरायसी काम गर्नेलाई त महिनाभर जम्मा तीनदेखि चार हजारमा काम लगाएको पाइन्छ ।

सरकारले कामबाट केही कारणबस कामदार निकाल्न परेमा तीन महिनाको तलब क्षतिपूर्तिबापत दिनुपर्ने भनेको छ । त्यसैगरी, उनीहरूलाई नियुक्तिपत्रको व्यवस्था पनि गर्नुपर्ने भनिएको छ । तर, अधिकांश निजी फर्म र घरयसी कामदारले नियुक्तिपत्र पाएका छैनन् भने तीन महिनाको तलबको कुरै छोडौं । फाइदा हुञ्जेल कम तलबमा साहुले रगतपसिना चुस्छ, फाइदा हुन छोडेपछि कामबाट निकाल्छ । अब ती निमुखाहरू उजुरी गर्न कहाँ जाने ? उजुरी दिनलाई नियुक्तिपत्र पनि छैन । सामन्ती साहुहरूका कारण कामदारहरू भोकै मर्ने छन् ।

यसो हुनुको एउटै मात्र कारण अर्थतन्त्रको खस्किँदो अवस्था हो । होटल, रेस्टुरेण्टमा गएर खानेको संख्या निकै न्यून छ । खान आउने ग्राहकलाई ठगेर त होटलहरूले कमाउने हो । बैंक, फाइनान्सका कर्मचारीहरूको पनि एकाएक रोजगारी गुम्दै छ । बजारमा पैसा राख्ने मान्छे नभएपछि सहकारीले धमाधम बजार प्रतिनिधि निकाल्दै छ । सर्वसाधारणहरूले बैंकमा भएको पैसा निकालेर घरमा लगेर लुकाएर राख्न थालिसकेका छन् । यता, पसलहरूमा खरिदकर्ता निकै कम छन् । मानिसहरूले लत्ताकपडा किन्नै छाडिसके । तर, यसको मार त गरिब जनतालाई मात्र परेको छ ।

बिहान खाए बेलुका के खाने ? भन्ने सोझा जनताहरू पनि ठूलो बज्रपात परेको छ । आफू भोकै बसेपछि आफ्नो परिवारको पेट पाल्नैपर्थ्यो । तापनि सम्बन्धित निकायको यस विषयमा ध्यान गएको छैन । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले उनीहरूको हक दिलाउन पनि सकेनन् । अहिले गरिबको पक्षमा रहेर बोल्न पनि श्रममन्त्री श्रेष्ठलाई लाज लाग्छ । श्रममन्त्री गैरजिम्मेवार हुँदा निमुखा जनताहरूको हकअधिकार खोसियो । तापनि त्यस्ता साहुमहाजनलाई कारबाही गर्न उनी चुकेका छन् ।

विभिन्न फर्म, कम्पनी र घरमा काम गर्ने मानिसहरू नपढेका हुन्छन् । भर्खर गाउँघरबाट आएका, सीधासाधा र कानुनको विषयमा ज्ञान नभएका सर्वसाधारणले यस क्षेत्रमा काम गर्दछन् । व्यावहारिक बाध्यता र विश्वसका आधारमा उनीहरूले काम गरेका हुन्छन् । उनीहरूलाई नियुक्तिपत्र र सरकारको ऐन कानुनबारे के थाहा ? हिजो आफूसँग भएको बल सबै प्रयोग गरेर काममा खटिए । थोरै तलबमा रातदिन नभनी काम गरे । तर, आज तलब दिन सकिएन् कामबाट निक्लेर जानुस् भन्दा उनीहरूको चित्त कति दुखेको होला ? अब भोकभोकै मर्नुपर्ने हो कि भन्ने चिन्ताले कति पिरोलिरहेको होला ?

महँगी जति बढे पनि, सार्वजनिक सवारीको भाडा बढाइए पनि, घरधनीले कोठा बहाल बढाए पनि जसोतसो काम गरिरहेका थिए । अब कसरी बालबच्चा पाल्ने, घरभाडा कसरी तिर्ने, दैनिक गुजारा कसरी टार्ने ? यो प्रश्नको जवाफ श्रममन्त्री श्रेष्ठ र सरोकारवाला सबैका लागि... ।

*अनुसा थापा, भक्तपुर*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdaily@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । -सं.

# कंगोमा नेपाली शान्ति सैनिकको मृत्यु

■ प्रभाव संवाददाता

**काठमाडौं-** संयुक्त राष्ट्रसंघको आह्वानमा कंगोमा तैनाथ 'नेप क्युआरएफ कम्पनी' शान्ति सेनाको पहिलो डफफ्मा कार्यरत एक नेपाली शान्ति सैनिक अनिल गुरुङको निधन भएको छ ।

'अप्रेसन बाली' का क्रममा मंगलबार घाइते भएका सुर्खेतको गुर्माकोट घर भएका गुरुङको निधन भएको नेपाली सेनाका प्रवक्ता नारायण सिल्वालले जानकारी दिए । प्रमुख सेनानी निकिल कुँवरको कमाण्डमा सञ्चालन गरिएको खोजतलास कारबाहीमा विद्रोहीको अब्जेक्टिभ कब्जा गरी जमिन होल्डपछि अज्ञात स्थानबाट अचानक गरेको फायरबाट मिशनमा कार्यरत शान्ति सैनिक गुरुङ घाइते भएका थिए । घाइते गुरुङलाई हेलिकप्टरमार्फत उद्धार गरी उपचारका लागि बुनियाँस्थित लेबल-२ अस्पतालमा भर्ना गरिएको थियो ।

प्रधान सेनापति महारथी प्रभुराम शर्माले शान्ति स्थापना जस्तो महान एवं पवित्र कार्यमा संलग्न नेपाली शान्ति सैनिकको आफ्नो कर्तव्य पालनाको सिलसिलामा मृत्युवरण भएकोमा निज शान्ति सैनिकप्रति समस्त नेपाली सेना परिवारको तर्फबाट उनको बलिदानीपूर्ण योगदान प्रति उच्च सम्मान प्रकट गरेका छन् ।

यसैबीच संयुक्त राष्ट्रसंघका महासचिवका सहायक प्रवक्ताले एक विज्ञप्ति जारी गर्दै दिवंगत नेपाली सैनिकप्रति श्रद्धाञ्जलि तथा परिवारजनप्रति समवेदना प्रकट गरेका छन् । शान्ति सैनिकमाथि गरिएको आक्रमणको संयुक्त राष्ट्रसंघले निन्दा गरेको छ ।

# निर्वाचन भयरहित बनाउन मुख्यमन्त्रीको निर्देशन

■ प्रभाव संवाददाता

**बलेवा-** गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले निर्वाचन भयरहित वातावरणमा सम्पन्न गर्न प्रदेश सरकार तत्पर रहेको बताएका छन् ।

प्रदेशको आन्तरिक मामिला मन्त्रालयद्धारा आयोजित कार्यक्रममा बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङका प्रमुख जिल्ला अधिकारीसहित चार जिल्लाका सुरक्षा प्रमुखहरूलाई निर्वाचन केन्द्रित सुरक्षा योजनाको बारेमा छलफल गर्दै निर्वाचन भयरहित वातावरणमा सम्पन्न गर्न सुरक्षा प्रमुखलाई निर्देशन दिएका हुन् ।

उनले जिल्लाको अवस्था अनुसार सुरक्षा योजना बनाउन रक्षा प्रमुखलाई पनि निर्देशन दिए ।

मुख्यमन्त्री पोखरेलले निर्वाचनमा कति बेला कहाँ के हुन्छ भन्न नसकिने हुनाले सुरक्षाको लागी गम्भीरतापूर्वक कार्ययोजना बनाएर कार्यान्वयन गर्न सुझाव दिए । उनले निर्वाचन आयोग र संघ सरकारले निर्वाचनका लागि विशेष योजना बनाउने भए पनि यसमा प्रदेश सरकार समन्वय गरेर अगाडि बढ्ने बताए ।

बागलुङका प्रमुख जिल्ला अधिकारी रमेश ढकाल, पर्वतका नारायणप्रसाद सापकोटा, म्याग्दीका चिरञ्जीवी राना तथा मुस्ताङका नेत्रप्रसाद शर्माले जिल्लाको सुरक्षा अवस्था र चुनौतीका विषयमा जानकारी गराएका थिए ।

## लागुऔषधसहित पक्राउ

**काठमाडौं (प्रस)-** चन्द्रागिरी नगरपालिका-२ नागढुंगाबाट नियन्त्रित लागुऔषध सहित २ जनालाई बुधबार प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा बारा महागढीमाई नगरपालिका-१ बस्ने २३ वर्षीय साहिद रजा र सुनसरी गडी गाउँपालिका-३ बस्ने २३ वर्षीय प्रमोद कुमार मेहेता रहेका छन् । नागढुंगास्थित चेकप्वाइन्टमा खटिएको प्रहरीले बाराबाट काठमाडौंतर्फ आउँदै गरेको ना.७ ख ७१३२ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार साहिदलाई नियन्त्रित लागुऔषध नाईट्राभेट ६ सय ट्याब्लेट र काँकडभिट्टाबाट काठमाडौंतर्फ आउँदै गरेको बा.प्र.०३-००१ ख २३१४ नम्बरको बसमा सवार प्रमोदलाई डाईजेपाम २ सय एम्पुल, लुपिजेसिक २ सय एम्पुल र नाईट्राभेट १ हजार ८ सय ५ ट्याब्लेट सहित फेला पारी पक्राउ गरेको हो ।

सुर्खेत, वीरेन्द्रनगर नगरपालिका-१० पदमपुरबाट करिब ८ ग्राम ६ सय ७० मिलिग्राम अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ, करिब ७ ग्राम १ सय ४० मिलिग्राम सेतो हेरोईन जस्तो देखिने पदार्थ, २ थान डिजिटल तराजु, नगद १ लाख ५६ हजार १ सय २० र १ थान एटिएम कार्ड सहित २ जनालाई बुधबार प्रहरीले पक्राउ गरेको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ATAYEB ALNADA SERVING MEALS EST

पूर्व स्वीकृति मिति :२०७८/१२/२१ LT. No. 259931 चलानी नं. :६०१७७२२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Provider | 1 | 0 | 1200 | ३८,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: चैत्र २९ र ३० गते (12 & 13th Apr. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ANAMOL OVERSEAS PVT. LTD.**
Kathmandu N.P.-9,Kalimatidole, Kathmandu,BAGMATI
Nepal Phone : +977-4479756
श्रम ईजाजत नं. 563/062/63



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CREDIBLE TRAD. & CONT. CO. WLL

पूर्व स्वीकृति मिति २०७८/१२/२० LT. No.260742 चलानी नं.६०१७७२०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 3 | 0 | 1200 | ४०,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Ceramic Worker | 3 | 0 | 1200 | ४०,१२० | | | | | | | |
| 3 | Labourer | 4 | 0 | 1000 | ३३,४३५ | | | | | | | |
| 4 | Mason | 3 | 0 | 1200 | ४०,१२० | | | | | | | |
| 5 | Plaster Worker | 2 | 0 | 1200 | ४०,१२० | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा चैत्र २९ गते (12th Apr. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np


### छिपहरमाई गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### भिस्वा, पर्सा
### प्रदेश नं. २, नेपाल

## बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०७८/१२/२४ गते**

यस कार्यालयबाट चालु आ.व २०७८।०७९ मा यस कार्यालय अन्तर्गत संचालन हुने तपसिलमा उल्लेखित आयोजनाहरुको बोलपत्र/दरभाउपत्र द्वारा गर्नु पर्ने भएकोले निर्माण व्यवसायी ऐन, २०५५ बमोजिम ईजाजतपत्र प्राप्त ईच्छुक उद्योग व्यवसायीहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्ववको बोलपत्र आव्हान गरिएको छ ।

१. अद्यावधिक नबिकरण गरेको इजाजतपत्र, स्थायी लेखा नं. प्रमाणपत्र, भू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व. २०७७।०७८ सम्मको आय चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र निवेदन सहित तोकिएको बोलपत्र दस्तुर तिरी (पछि फिर्ता नहुने) यो सुचना प्रकाशित भएको मितीले ३० औं दिन कार्यालय समय भित्र यस कार्यालयबाट इच्छुक बोलपत्र दाताले बोलपत्र सम्बन्धित कागजात खरिद गर्न सकिनेछ साथै बोलपत्र पेश गर्न चाहाने बोलपत्र दाताले तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको आर्थिक प्रशासन शाखामा जम्मा गरेको भउचरलाई बोलपत्र कागजातसाथ पेश गर्नु पर्नेछ ।
२. खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरि बोलपत्र दाताले प्रत्येक पानामा सहि छाप गरि सिलबन्दी गरी खाम बाहिर फारमको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोप्राइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितीले ३१ औं दिनको १२ बजे भित्र यस कार्यालयमा Hard copy दर्ता गर्न सकिनेछ ।
३. एक फर्म वा संस्थाको नाममा खरिद गरेको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।
४. दर्ता भएको बोलपत्र यो सुचना प्रथम पटक प्रकाशित भएका मितीले ३१ औं दिन दिनको १४:०० बजे कार्यालयका प्रतिनिधि तथा बोलपत्र दाताको रोहबरमा खोलिनेछ । बोलपत्र दाताको अनुपस्थिति भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने र खोल्ने दिन बिदा पर्न गएमा सोको भोली पल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोहि समयलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।
६. सिलबन्दी बोलपत्र फारम साथ जमानत वापत तोकिएको रकम कार्यालयको **एन.आइ.सी. एसिया बैंक, भिस्वा स्थित धरौटी खाता नं. L6CA000187452404** मा जम्मा गरि सक्कलै बैंक भाउचर वा नेपाल सरकारबाट विडवण्ड जारी गर्न सकिने ईजाजत प्राप्त बैंकहरुबाट बोलपत्र दाखिला गर्ने अन्तिम मितीबाट कम्तिमा १२० दिन म्याद भएको विडवण्डको सक्कल संलग्न गर्नु पर्नेछ ।
७. बोलपत्रमा आइटम वाइज दर अंक र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
८. संयुक्त उपकमको माध्यमबाट काम गर्न ईच्छुक बोलपत्र दाताले संयुक्त उपकम सम्बन्धित सम्झौताको सक्कल बोलपत्र कागजात साथ अनिवार्य पेश गर्नु पर्नेछ ।
९. छिपहरमाई गा.पा. को हितलाई ध्यानमा राखि कुनै कारण जनाई वा नजनाई बोलपत्र पुरा वा आंशिक रुपमा स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
१०. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसार हुनु पर्नेछ । बोलपत्र दाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रो संग बुझि दररेट भरेको मानिनेछ ।
११. शर्त रहेको, रित नपुगेको तथा म्याद नाघि आएको बोलपत्र उपर कुनै कारवाहि हुने छैन ।
१२. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ । बोलपत्र सम्बन्धित थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखि बुझ्न सकिनेछ ।

**बोलपत्र सम्बन्धि कार्यको विवरण**

| सि.नं | ठेक्का नं. | कार्यको विवरण | लं.ई. र मु.अ.क. सहित रकम | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | ३३/०७८/०७९ | छिपहरमाई स्टेडियम निर्माण, छिपहरमाई गा.पा.-२ ,सम्भौता | ४९,९९,५६७।७७ | १,२५,०००।०० | ३,०००/- |

**प्रमुख प्रशासकीय अधिकृत**


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAST CARE LAUNDRY TO WASH CLOTHES

पूर्व स्वीकृति मिति: २०७८/१२/२१ LT. No.260799 चलानी नं. ६०१७७२१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laundry Labor | 1 | 0 | 1000 | ३२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा चैत्र २९ गते (12th Apr. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AL TAAZ INTERNATIONAL PVT.LTD.**
श्रम ईजाजत नं. १२५१/०७४/०७५
Shreetole - Basundhara Kathmandu
Tel: +977 -1- 5905101 / 5905102, E-mail: altaaznepal@gmail.com
Mob No. 9801147203/9801040620/9842482418
Website www.altaazintl.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZIYAD SALEH ABDULLAH AL SHEHRI READY MIX CONCRETE FACTORY

पूर्व स्वीकृति मिति २०७८/१२/२१ LT. No. :260841 चलानी नं.६०१७७२६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Factor | 2 | 0 | 1000 | ३२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Public Car Driver | 1 | 0 | 1500 | ४८,६७५ | | | | | | | |

कम्पनी : GREEN DRAGON RESTAURANT TO SERVE MEALS

पूर्व स्वीकृति मिति २०७८/१२/२१ LT. No. :260949 चलानी नं.६०१७७२६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Chef | 3 | 0 | 2500 | ८१,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: चैत्र २९ गते (12th Apr. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Green Star Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. २५७/०५८/०५९
Basundhara, Kathmandu, Nepal,
Tel: +977-1-4363546, Fax: +977-1-4363540
Email: greenstaroverseas@gmail.com, Webside: www.greenstaroverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DARWISH INTERSERVE FACILITY MANAGEMENT

पूर्व स्वीकृति मिति २०७८/०७/०२ पुन विज्ञापन स्वीकृति मिति २०७८/१२/२१ LT. No. 248734 चलानी नं.६०१६५५२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric | 5 | 0 | 1100 | ३६,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gen Clean Worker | 15 | 20 | 1000 | ३३,४३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: चैत २९ गते (12th Apr. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np
Licence No.: 811/065/066



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SRI MANNJAYA SDN. BHD.

पूर्व स्वीकृति मिति २०७६/०९/२४ पून : विज्ञापन स्वीकृति मिति २०७८/१२/२१ LT. No. :230562 चलानी नं. ६०१४९८६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Agricultural Workers | 50 | 0 | 1100 | ३१,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: चैत्र २९ गते (12th Apr. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Baby Angel International Pvt. Ltd.** Govt. License 940/067/068
Sinamngal - 9, Kathmandu, Nepal Tel: +977-1-4461353 / 4461179 Fax: +977-1-4461179
E-mail: info@babyangelintl.com.np, babyangelintl@gmail.com, Web : www.babyangelintl.com.np

# कानुनी शिक्षाको विकासका लागि निर्देशनात्मक आदेश

■ प्रभाव संवाददाता

**काठमाडौं–** सर्वोच्च अदाललते कानुनी शिक्षा क्षेत्रको समग्र विकासका लागि एक उच्चस्तरीय अध्ययन समिति गठन गर्न नेपाल कानुन व्यवसायी परिषद्का नाममा निर्देशनात्मक आदेश जारी गरेको छ । कायममुकायम प्रधानन्यायाधीश दीपककुमार कार्की र न्यायाधीश हरिप्रसाद फुयालको संयुक्त इजलासले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आवश्यकता पूरा गर्ने र राज्यको प्रतिरक्षा गर्न सक्ने गरी कानुनी शिक्षा प्रदान गर्न उक्त आदेश गरेको हो ।

'पाठ्यक्रम, कानुन अध्ययन प्रणाली, विद्यार्थी सफ्या, प्रवेश परीक्षा र भर्ना प्रक्रिया, प्राध्यापन गराउने जनशक्ति, मूल्यांकन तथा परीक्षा प्रणाली, पूर्वाधार अध्ययन, शुल्कजस्ता विषयमा उक्त परिषद्मार्फत् एक उच्चस्तरीय अध्ययन समिति गठन गर्नू', आदेशमा भनिएको छ, 'सरोकारवालासँग आवश्यक परामर्शसमेत गरी संविधानले परिकल्पना गरेको उद्देश्य प्राप्त गर्ने प्रकृतिको विपन्नमैत्री तथा समावेशी चरित्र भएको, राष्ट्रिय आवश्यकता पूरा गर्ने र अन्तर्राष्ट्रियरूपमा प्रतिस्पर्धासमेत गर्न सक्ने खालको कानुनी शिक्षा प्रदान गरी राज्यको प्रतिरक्षा हुने तथा आमजनताका न्यायको हक संरक्षण हुने उद्देश्यसहित सुधारको प्रक्रिया अघि बढाउन यथाशीघ्र पहल गर्नू ।'

अदाललते समग्र न्याय क्षेत्रको विकास तथा कानुनी व्यवसायका लागि शैक्षिक मापदण्ड निर्माण र अनुगमन गर्नका लागि परिषद्का अध्यक्ष तथा महान्यायाधिवक्ताका नाममा निर्देशनात्मक आदेश जारी गरेको हो । उक्त आदेशमा यस्ता कानुनी शिक्षा प्रणालीले समग्र न्याय प्रणालीमा असर पार्ने भएकाले नेपालको कानुन तथा न्याय क्षेत्रका लागि दक्ष जनशक्ति निर्माण गर्न र स्तरीय कानुन शिक्षालाई प्रोत्साहन दिनका लागि विश्व विद्यालयसँग परामर्श गर्नू भनिएको छ । आदेशमा समग्र न्याय क्षेत्र र कानुन व्यवसायीका लागि उपयुक्त शैक्षिक मापदण्ड सिफारिस गर्न र अनुगमन गर्ने भूमिकासमेत परिषद्को रहेको उल्लेख छ ।

कानुनी विषयमा भर्ना हुन विश्वविद्यालयहरूले आफूअनुकूल छुट्टाछुट्टै योग्यता र प्रवेश परीक्षा सञ्चालन गरिआएकामा तत्कालका लागि एकरूपता र गुणस्तरीयता कायम हुने गरी स्तर तोक्न र क्रमिकरूपमा एकात्मक प्रवेश परीक्षा प्रणाली विकास गरी लागू हुने व्यवस्था गर्न पनि सर्वोच्चले भनेको छ । आदेशमा माध्यमिक तह दस जोड दुईको कानुन विषयमा भर्ना हुने जनशक्तिको योग्यताको हकमा 'ग्रेड सी' भन्दा माथि वा सोसरहको अंक प्राप्त गरेमा मात्र भर्ना गर्न पाउने मापदण्ड निर्धारण गर्नाका लागि उच्च माध्यमिक शिक्षा परिषद्लाई आवश्यक निर्देशन दिनसमेत भनिएको छ ।

कानुनी अध्ययन पूरा नभएसम्म विश्वविद्यालयहरूसँगको समन्वय र सहकार्यमा शिक्षण संस्थाको न्यूनतम पूर्वाधार निर्धारण गर्न र कार्यरत जनशक्तिको आधारमा विद्यार्थी संख्या निर्धारण गरी आवश्यक व्यवस्था गर्न आदेशमा भनिएको छ ।

परिवर्तित विश्वपरिवेशबमोजिम नेपालको कानुन र न्याय प्रणालीमा आवश्यक प्रतिस्पर्धी दक्ष जनशक्ति परिपूर्ति गर्न विद्यमान कानुनी शिक्षाको पाठ्यक्रममा सैद्धान्तिक र व्यवहारिक पक्षको सन्तुलनसहितको विषयवस्तुलाई समावेश गर्न/गराउन पनि आदेशमा उल्लेख गरिएको छ ।

'कानुनको अध्यापनमा एकरूपता ल्याउन क्रमिकरूपमा विश्वविद्यालय तथा सो अन्तर्गतका कलेजहरूमा कानुन विषयको अध्ययनमा वार्षिक वा सेमेस्टर प्रणाली वा अन्य कुनै प्रणाली लागू गर्न यसअघि गरिएका अध्ययन प्रतिवेदनसमेतलाई मध्यनजर गरी आवश्यक प्रबन्ध मिलाउन पनि आदेशमा भनिएको छ । त्यस्तै, माध्यमिक तह (दश जोड दुई)बाट उत्पादित कानुनी जनशक्तिले न्याय क्षेत्रको आवश्यकतालाई परिपूर्ति गरे/नगरेको सम्बन्धमा मूल्यांकन गरी माध्यमिक शिक्षा परिषमार्फत आवश्यक सुधार प्रारम्भ गर्न समेत जोड दिइएको छ ।

कानुन व्यवसायी परिषद्को विद्यमान कानुनी व्यवस्थामा आवश्यक संशोधन गरी संगठनात्मक संरचना, मानवीय शक्ति, बजेट र मूलतः कानुन शिक्षा हेर्ने महाशाखा तथा त्यसका लागि उच्चस्तरको जनशक्ति र बजेटको व्यवस्था गर्न/गराउनसमेत सर्वोच्चको आदेशमा उल्लेख छ ।

कानुनी शिक्षामा मातृसंस्थाको रूपमा रहेको नेपाल ल क्याम्पसलाई विशिष्टिकृत शिक्षण संस्थाको रूपमा स्थापित गर्नका लागि आवश्यक कार्य गर्न त्रिभुवन विश्वविद्यालयका उपकुलपतिका नाममा निर्देशनात्मक आदेश दिइएको छ । त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को आधारमा कानुनी शिक्षाको पठनपाठन भइरहेको छ ।

अधिवक्ता यज्ञमणि न्यौपाने तथा नेपाल ल क्याम्पसको तीनवर्षे एलएलबीमा अध्ययनरत विद्यार्थी आतिस कार्की र बविन्द्र बराललले न्याय क्षेत्रको सुधारका लागि कानुनी शिक्षाको समग्र सुधार माग गर्दै रिट निवेदन दायर गरेका थिए । गुणस्तरीय कानुनी शिक्षा र व्यावसायिक कानुन प्रणालीको विकासका लागि उक्त आदेश महत्त्वपूर्ण रहेको बताइएको छ ।
कालिका खड्का/रासस

# लागुऔषधसहित पक्राउ

**झापा(प्रस)–** मेचीनगर नगरपालिका-६ पुरानो मेचीपुल अगाडिबाट करिब १४ ग्राम अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ सहित विर्तामोड नगरपालिका-७ सुकुमबासी टोल बस्ने ५४ वर्षीय अमृत खड्कालाई मंगलबार प्रहरीले पक्राउ गरेको छ ।

खेलाडीहरूलाई एरोविकका माध्ययमले शारीरिक तन्दुरुस्त बनाउनुका साथै साँगितिक धुनको तालमा खेलाडीहरूलाई वर्कआउट, फुटवर्क गराउने जसका कारण खेलाडीहरूले आनन्द महशुस गर्दै क्यालोरी बर्न गर्ने, मुटु र फोक्सोलाई तन्दुरुस्त राख्ने र टेबलटेनिस खेलको पूर्ण ज्ञान र प्रशिक्षण प्राप्त गर्नेछन् । टेबलटेनिसमा रिदम र टाईमिंग महत्वपूर्ण हुन्छ । यसलाई संगितसँग तालमेल मिलाउन सके टेबलटेनिस सिक्न अझै मद्धत पुग्छ । एरोविक टेबलटेनिस उच्च ईनर्जी फिटनेश वर्कआउट र टेबलटेनिसको गठबन्धन हो ।


Kailash Rural Municipality

**Office Of The Rural Municipal Executive**

Kalikatar, Makawanpur

Bagamati Province Nepal

## Invitation for Sealed Quotation

Date of First Publication: 2078-12-24

1. The Kailash Rural Municipality Center invites sealed quotations from registered contractors for the construction of Road Projects work of Kailash Rural Municipality.
2. Eligible Bidders may obtain further information and inspect the sealed quotation Forms at the office of Kailash Rural Municipality, Kailakatar, Makawanpur by reaching out to them at Telephone 9845636180 or by dropping a mail at kailashruralmunicipal@gmail.com [or may visit PPMO website www.bolpatra.gov.np.]
3. Sealed Quotation Forms may be purchased by eligible Bidders on the submission of a written application and upon payment of a non-refundable fee of 1000.0 NRs.
4. Bidder who chooses to submit their bid electronically shall deposit the cost of bidding document in the account specified or Sealed bids must be submitted to the above office by through only e-GP system i.ewww.bopatra.gov.np/egp] below:

| | | | |
|---|---|---|---|
| Office Name | Kailash Rural Municipality, Kalikatar, Makawanpur | Last date of Submission | 2022/04/22 (2079/1/9) Time:- 12:00 PM |
| Name of Bank | Sanima Bank Limited | Opening T | 2022/04/22 (2079/1/09) Time:- 14:00 PM |
| Ga-1.1 kailash Ga.Pa. Antarik Rajashwa Khata | 065010020000002 | Ga-3 Kailash Ga.Pa. Dharauti Khata | 065010020000007 |

5. The bid security guarantee shall confirm to the standard format as specified in the bid document and that issued only by the commercial bank approved by Nepal Rastra Bank shall be accepted by the employer. The details of the contract is given below.

| S. N. | Contract ID No. | Description of Works | Estimated Amount Without VAT | Bid Security ( 2-3%) (NRs) | Bid Document Purchase (N) | District |
|---|---|---|---|---|---|---|
| 1 | KRM/BRBJKSN/ SQ-11/2078/79 | Construction of Bhaltar Ratomate Bagune jane Krishi sadak Nirman | Rs.1707928.80 | 50,000/- | 1,000/- | Makawanpur |

6. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 22-04-2022 14:00 hours at the office of Kailash Rural Municipality, Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs.50000 which shall be valid for 30 days beyond the validity period of the bid i.e 75 days.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**[Note : As mentioned in clause 49ka of PPR 2064 clause 49ka ,add more relevant information as per required]**

# श्रीलंकामा जारी संकटकाल हट्यो



**कोलम्बो–** श्रीलंकाका राष्ट्रपति गोटावाय राजापाक्षेले देशभरि लगाइएको संकटकाल खारेज गरेका छन् । मंगलबार मध्यरातदेखि लागू हुनेगरी संकटकाल हटाउने निर्णय गरिएको हो ।

आन्दोलनमा उत्रिएका नागरिकले राष्ट्रपतिनिवास घेराउ गर्दै नाराबाजी गरेपछि सरकारले देशव्यापी संकटकालको घोषणा गरेको थियो । 'सार्वजनिक सुरक्षालाई ध्यान दिँदै लागू गरिएको संकटकाल हटाउने निर्णय भएको छ,' राष्ट्रपति राजापाक्षेले भने ।

आर्थिक तथा राजनीतिक संकटमा परेको श्रीलंकामा सरकारका कारण संकट उत्पन्न भएको भन्दै सुरु भएको आन्दोलन अझै पनि जारी छ ।

प्रशासनिक संकटकाल खारेज गरिए पनि स्वास्थ्य संकटकाल भने कायमै रहेको अधिकारीले जनाएका छन् । देशभरि औषधीको अभाव भएको, थप ल्याउन नसकिएको र स्वास्थ्य सेवा प्रवाहमा पनि समस्या भएकाले स्वास्थ्य संकटकाल लगाउनुपरेको सरकारी अधिकारीको भनाइ छ । रासस/एएनआई

# अमेरिका, बेलायत र अस्ट्रेलियाले हाइपरसोनिक मिसाइल विकास गर्ने

**वासिङ्टन (अमेरिका)–** संयुक्त राज्य अमेरिका, बेलायत र अष्ट्रेलियाले मंगलबार हाइपरसोनिक मिसाइल विकास गर्न सहकार्य गर्ने घोषणा गरेका छन् ।

त्रिपक्षीय रक्षा सहयोगको समीक्षा गरेपछि जारी गरिएको संयुक्त विज्ञप्तिमा अमेरिकी राष्ट्रपति जो बाइडेन, बेलायती प्रधानमन्त्री बोरिस जोनसन, अस्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसनले हाइपरसोनिक्स र काउन्टरमा नयाँ त्रिपक्षीय सहयोग सुरु गर्न बुधबार प्रतिबद्ध रहेको बताएका छन् ।

सेप्टेम्बर २०२१ मा अयुकुस भनेर चिनिने सुरक्षा गठबन्धन गठन गर्ने तीन राष्ट्रका नेताले सहयोगका नयाँ घोषणा गरिएका क्षेत्रले 'साइबर क्षमता, कृत्रिम बुद्धिमत्ता, क्वान्टम टेक्नोलोजी, र अतिरिक्त समुद्रमुनि क्षमतामा सहयोगलाई अझ गहिरो बनाउनका लागि हाम्रा विद्यमान प्रयासहरूलाई थप्ने' विज्ञप्तिमा भनिएको छ ।

अयुकुसअन्तर्गत संयुक्त राज्य अमेरिका र बेलायतले अस्ट्रेलियालाई आणविक शक्तियुक्त पनडुब्बी प्रदान गर्ने वाचा गरेका छन् । फ्रान्सले भने यसलाई ठूला शक्तिबीच हतियार दौडको संज्ञा दिँदै यसले थप त्रास सिर्जना गर्ने र दक्षिणपूर्वी एसियाली क्षेत्रलाई अस्थिर बनाउने टिप्पणी गरेको छ । गठबन्धन स्थापना भएको केही समयपछि इन्डोनेसियाली विदेश मन्त्रालयले 'यस क्षेत्रमा जारी हतियार दौड र शक्ति प्रक्षेपणको बारेमा गहिरो चिन्ता रहेको' बताएको छ ।

यसैबीच, मलेसियाका प्रधानमन्त्री इस्माइल साबरी याकोबले आणविक शक्तिबाट चल्ने पनडुब्बी परियोजनाले 'यस क्षेत्रमा थप आक्रामक कारबाही गर्न अन्य शक्तिलाई उक्साउन सक्ने' टिप्पणी गरेका छन् । रासस/सिन्ह्वा

# रूसमा इन्टेलको सबै व्यापार बन्द

**अमेरिका (वासिङ्टन)–** कम्प्युटर कम्पोनेन्ट र इलेक्ट्रोनिक उपकरणको विश्वको सबैभन्दा ठूलो उत्पादकमध्ये एक अमेरिकी टेक्नोलोजी कम्पनी इन्टेलले युक्रेनको अवस्थालाई लिएर रुसमा आफ्ना सबै प्रकारका व्यापारिक गतिविधि स्थगित गरेको जनाएको छ । 'तत्काल हामीले रुसमा सबै व्यापार सञ्चालन निलम्बित गरेका छौँ,' कम्पनीले भनेको छ ।

'हामी रुसमा रहेका हाम्रा एक हजार २०० कर्मचारीसहित हाम्रा सबै कर्मचारीलाई यो कठिन परिस्थितिबाट सहयोग गर्न आग्रह गरिरहेका छौँ । हामीले हाम्रा विश्वव्यापी सञ्चालनमा अवरोध कम गर्न व्यापार निरन्तरताका उपाय पनि लागू गरेका छौँ,' कम्पनीको भनाइ छ ।

रुसले युक्रेनमा गत फेब्रुअरी २४ मा डोनेट्स्क र लुहान्स्क जनगणतन्त्रले युक्रेनी सेनाको तीव्र आक्रमणबाट सुरक्षाका लागि गरेको आह्वानको जवाफमा युक्रेनमा विशेष सैन्य कारबाही सुरु गरेको थियो ।

रुसी रक्षा मन्त्रालयले युक्रेनी सैन्य पूर्वाधारलाई लक्षित गर्ने विशेष अपरेसनको उद्देश्य युक्रेनलाई असैनिकीकरण गर्ने बताएको छ ।

मस्कोले युक्रेन कब्जा गर्ने कुनै योजना नरहेको बताएको छ । यद्यपि, पश्चिमा राष्ट्रले रुसमाथि थुप्रै प्रकारका प्रतिबन्ध लगाएका छन् । रासस/स्पुतनिक

# टेक्सासमा विमान दुर्घटना हुँदा दुईको मृत्यु

**युस्टन (अमेरिका)–** अमेरिकाको दक्षिणी मध्यराज्य टेक्सासमा मंगलबार विमान दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

संघीय उड्डयन प्रशासनका अनुसार, सेस्ना टि २०६ एच नामक विमान ह्युस्टन कार्यकारी विमानस्थलबाट उडेको थियो र मध्य टेक्सासको वाकोबाट करिब ३० माइल (४८ किलोमिटर) पर रहेको मारलिन एयरपोर्टमा मंगलबार दिउँसो दुर्घटनाग्रस्त भएको थियो ।

वाको क्षेत्रीय विमानस्थलमा जाँदै गरेको छ सिटको जहाज मार्लिन विमानस्थलको एकल धावनमार्गको अन्त्यबाट करिब ७० गज (६४ मिटर) टाढा दुर्घटनाग्रस्त भएको ह्युस्टन क्रनिकलको रिपोर्टले मार्लिन सहरका प्रबन्धक सेड्रिक डेभिसलाई उद्धृत गर्दै जनाएको छ ।

टेक्सासको सार्वजनिक सुरक्षा विभागका अनुसार दुर्घटनामा एक पुरुष र एक महिलाको मृत्यु भएको छ । दुर्घटनाको कारण पत्ता लगाउन अनुसन्धान भइरहेको छ । रासस/सिन्ह्वा

## कश्मीरमा दुई आतंककारीको मृत्यु

**भारत (काश्मिर)–** भारत नियन्त्रित काश्मिरमा प्रहरीले बुधबार यस क्षेत्रमा भएको गोली हानाहानमा दुई आतंककारीको मृत्यु भएको जनाएको छ ।

भारतीय नियन्त्रित कश्मीरको ग्रीष्मकालीन राजधानी श्रीनगर सहरबाट करिब ४४ किलोमिटर दक्षिणमा रहेको पुलवामा जिल्लाको त्राल क्षेत्रमा गोली हानाहान भएको प्रहरीले जनाएको छ । विद्रोहीसँगको भिडन्तमा सरकारी फौजलाई कुनै क्षति नभएको प्रहरीले जनाएको छ । रासस/सिन्ह्वा


## मोटर साइकल हरायो

यस सामूहिक बचत तथा ऋण शहकारी संस्था लि.को नाममा रहेको निम्न व्योहोरा रहेको मोटरसाइकल मिति २०७८।११।२२ गते साँझ अन्दाजी ६:३० बजे तिर का.जि, कागेश्वरी मनोहरा न.पा वार्ड नं ८, पहेलो पुलबाट हराइएको हुँदा, पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

प्रकार – Pulsar 220 CC
बाई नं.- बा. प्रदेश ०२, ०३२प ९५७८
चेसिस नं. :MD2A13EX2MCE91360
इन्जिन नं. :DKXCME-12995
रङ्ग – रातो, कालो
सम्पर्क – 9851108225, 9808490077



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GOLDEN CRUST CONTRACTING COMPANY (For one person)

पुर्व स्वीकृति मिति २०७८/१२/२३ LT. No. 261225 चलानी नं.६०१७७३७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labor | 6 | 0 | 1000 | ३२,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: बैशाख १ गते (14th Apr. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**
श्रम इजाजत न .७९७/०६५/०६६
Ganesh Basti Chakrapath Maharajgunj, Kathmandu
Tel.+977-01-4720350, 4720849, 5908112, Fax: 01-4365388
E-mail:info@saudinepal.com Website :www.saudinepal.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : REACHPOSS GENERAL SECURITY GUARD SERVICES CO.

पूर्व स्वीकृति मिति २०७८/१२/२३ LT. No. 261181 चलानी नं. ६०१७१८८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 0 | 15 | 1200 | ३९,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा बैशाख १ गते ( 14th Apr. 2022 )मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैं |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ALI OVERSEAS PVT. LTD.** Govt. License 722/064/065
Samakhusi-3, Ranibari, Kathmandu, Nepal Phone : +977-1-4360155, 4360188
E-mail : recruitment.alioverseas@gmail.com, info@alioverseas.com.np
Website : www.alioverseas.com.np



## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : STAR GROUP CO. W.L.L.

पूर्व स्वीकृति मिति २०७७/११/११ पुन विज्ञापन स्वीकृति मिति २०७८/१२/२३ LT. No. 236153 चलानी नं. ६०१५४७३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव BHD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 0 | 100 | ३२,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा बैशाख १ गते (14th Apr. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**DOTI OVERSEAS PVT. LTD.** Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705
E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FARES AL- QASSIM EST. FOR OPERATION AND MAINTENANCE

पूर्व स्वीकृति मिति २०७८/१२/२० LT. No. 255183 चलानी नं. ६०१७१८८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 2 | 0 | 1000 | ३२,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा बैशाख १ गते ( 14th Apr. 2022 )मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**
श्रम इजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, E-mail : info@princeies.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAMA INTERNATIONAL TRADING AND CONTRACTING

पूर्व स्वीकृति मिति २०७८/१०/०५ पुन विज्ञापन स्वीकृति मिति २०७८/१२/२३ LT. No. 256373 चलानी नं.६०१७२९५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 6 | 0 | 1500 | ४९,९८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Driver (light) | 1 | 0 | 1500 | ४९,९८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: बैशाख १ गते (14th Apr. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**
Licence No.: 811/065/066
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी :SINOPEC ENGINEERING GROUP SAUDI CO LTD

पूर्व स्वीकृति मिति २०७८/१२/२३ LT. No. 261135 चलानी नं. ६०१७७३६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor | 2 | 0 | 1000 | ३२,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा बैशाख १ गते (14th Apr. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Skills Internrnational Human Resource Pvt.ltd.**
श्रम इजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4389541-4389542 Fax : +977-1-4362800, 9813622195
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com



## वर्गीकृत विज्ञापन संकलन काउण्टर

**पशुपति विज्ञापन सेवा -** सोह्रखुटटे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । **स्मार्ट सर्भिस नेपाल प्रा.लि.**-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । **लोटस कम्युनिकेशन-** गोंगबुचोक, फोनं. ४३६४७१ । **ध्रुवको पसल** -डिल्लीबजार, फोन नं.: ४४३९२०१ । **ReachmondBooksShop (रोहित दाहाल)** -फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise-Dhalku Bhishal Nagar, 4438217** । **दन्तकाली स्टेसनरी** - नयाँ बसपार्क फोन नं. ९८१३९६०७४६ । **सारीका स्टेसनरी पसल -** फोन नं. ९८५११२९६८६ । **ज्ञानज्योती पुस्तक पसल -** बागबजार, फोन नं. ४२४००६० । **विश्व स्वतन्त्र संचार -** सुन्धारा, फोन नं. ४२१९४१२ । **निशा बुक्स एन्ड स्टेसनरी -** लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । **वीडलिंक मिडिया प्रा.लि. -** पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । **हिमचुली स्टेसनरी -** बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । **मलः स्टेसनरी -** गटठाघर ठिमी, फोन नं. **६६३०७५७** । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी -विश्वज्योति हल साईडमा), **बी.एन्ड बी. कम्युनिकेशन एन्ड साइबर -** कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः ०१-४२७१३२२ । **दाजुभाई स्टेसनरी -** पिंगलास्थान, गौशाला,, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, **ए.आर स्टेसनरी** च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, **हलफ्याक्स मिडिया एन्ड कम्यूनिकेशन** जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, **लोटस एड मिडिया एन्ड मार्केटिङ** गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – ९८७०० | प्रति तोला – ९८२०० | प्रति तोला – १३५० |

## विद्युत् निर्यातमा फड्को

### प्राधिकरणले थप ३२५ मेगावाट बिजुली भारतलाई बेच्ने



■ प्रभाव संवाददाता

**काठमाडौं–** लामो प्रयत्नपछि भारतीय ऊर्जा बजारमा प्रतिस्पर्धी दरअनुसार नेपालको अतिरिक्त बिजुली बिक्री गर्ने बाटो खुलेको छ। भारतको विद्युत् मन्त्रालय अन्तर्गतको केन्द्रीय विद्युत प्राधिकरणले नेपाल विद्युत प्राधिकरणलाई भारतीय विद्युत् बजारमा थप ३२५ मेगावाट विद्युत बिक्री गर्न स्वीकृति दिएको छ।

यससँगै नेपाललले भारतीय ऊर्जा बजारमा प्रतिस्पर्धी दरमा थप ३२५ मेगावाट विद्युत बिक्रीको अनुमति पाएको छ। यसअघि २०७८ कात्तिकमा पहिलो चरणमा प्राधिकरणको स्वामित्वमा नुवाकोटमा सञ्चालमा रहेका २४ मेगावाटको त्रिशूली र १५ मेगावाटको देवीघाट विद्युतगृहबाट उत्पादित ३९ मेगावाट विद्युत भारतीय ऊर्जा एक्सचेन्ज (आइएक्स) मा बिक्री गर्न स्वीकृति दिइएको थियो।

नेपालले भारतीय भारतीय ऊर्जा एक्सचेन्ज मार्केटमा प्रतिस्पर्धी दरमा ३६५ मेगावाटसम्म विद्युत् बिक्री गर्न प्रवेश पाउने भएको छ। दोस्रो चरणमा प्राधिकरणको स्वामित्वको १४४ मेगावाटको ' कालीगण्डकी ए'बाट १४० मेगावाट, ७० मेगावाटको मध्यमर्स्याङ्दीबाट ६८ मेगावाट, ६९ मेगावाटको मर्स्याङ्दीबाट ६७ मेगावाट र निजी क्षेत्रको ग्रीन भेन्चर्स लिको ५२।४ मेगावाटको लिखु-४ बाट ५१ मेगावाट गरी कुन ३२६ मेगावाट विद्युत निर्यातका लागि स्वीकृति पाएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए।

प्राधिकरणले योसँगै ६ वटा विद्युत्गृहबाट उत्पादित विद्युतलाई स्रोत मानी भारतीय बजारमा बिक्रीका लागि स्वीकृति पाएको हो। देशभित्र खपत गरेर जगेडा भएको विद्युत ढल्केबर-मुजफ्फपुर ४०० केभी अन्तरदेशीय प्रसारणलाइनमार्फत निर्यात हुने छ। विद्युत् निर्यात गर्ने बाटो खुलेसँगै वर्षायाममा उत्पादित विद्युत मुलुकभित्र खपत गरी अतिरिक्त विद्युत्को निर्यात भई दुई देशबीचको व्यापार घाटामा कमी आई अर्थतन्त्रमा सकारात्मक योगदान पुग्ने ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ। मन्त्रालयमा बुधबार आयोजित पत्रकार सम्मेलनमा ऊर्जामन्त्री पम्फा भुसालले नेपालमा उत्पादित बिजुली खेर जाने चिन्ता रहेको अवस्थामा नेपालको अतिरिक्त बिजुली किन्ने भारतको निर्णय सकारात्मक रहेको बताइन्।

'हामीलाई ठूलो बजारको खाँचो थियो, यसबाट थप बजारको विस्तार भएको छ,' उनले भनिन्। उनले नेपालमा खपत नभएको बिजुली भारतमा बिक्री गर्ने र बंगलादेश, भुटान, भारत र नेपाल सहभागी उपक्षेत्रीय मञ्च (बिबिआइएन) मार्फत पनि अन्य मुलुकमा विद्युत्को बजार विस्तार हुने बताइन्।

बजारको सुनिश्चितता भएसँगै विद्युत् उत्पादनको ढोका खुलेको उल्लेख गर्दै मन्त्री भुसालले आगामी दिनमा विद्युत् व्यापारको दायरा पनि बढ्ने विश्वास व्यक्त गरिन्। मन्त्रालयका सचिव देवेन्द्र कार्कीले प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा दुई देशबीच ऊर्जा क्षेत्रमा सहकार्यका लागि संयुक्त प्रतिबद्धता व्यक्त भएको जानकारी दिइन्। उक्त प्रतिबद्धतामा विद्युतको उत्पादन, प्रसारण र व्यापारलाई प्राथमिकतामा राखिएको उनले बताइन्।

उक्त दस्तावेजमा दुवै देशको संयुक्त लगानीमा जलविद्युत्को उत्पादन गर्ने, ठूला जलाशययुक्त आयोजनामा दुई देशले लगानी गर्ने, प्रसारणलाइनलाई एकार्का देशको हितका लागि प्रयोग गर्ने, भारतपछि बंगलादेशसम्म लैजान प्रसारणलाइनको प्रयोग गर्ने र दुवै देशलाई लाभ हुने गरी विद्युत्को व्यापार गर्ने उल्लेख छ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले अहिले कुनै पनि उद्योगमा लोडसेडिङको समस्या नरहेको प्रस्ट पारे। केही दिनअघि विद्युत्को व्यवस्थापनमा असहज अवस्था आउँदा एक/दुई दिन थोरै समय लाइन काटिने अवस्था आएको भए पनि अहिले उक्त समस्या समाधान भइसकेको उनले जानकारी दिए। 'अहिले कुनै उद्योगलाई लोडसेडिङ छैन, अपर्झट आएको समस्या हो, त्यो एक/दुई दिनमा समाधान भयो,' उनले भने। विद्युत्को खपत बढाउन उद्योगको थप ६०० मेगावाट डिमान्ड स्वीकृति गरिएको उनले बताए।

## 'मुलुकको अर्थतन्त्रमा रातो बत्ती बल्ने खतरा'

■ प्रभाव संवाददाता



**काठमाडौं–** देशको आर्थिक अवस्थामा भएको संकट अब रातो बत्ती बल्ने अवस्थामा पुगेको अर्थविद्हरूले बताएका छन्। अर्थविद् प्रा.डा. विश्वम्भर प्याकुरेलले सरकारले अहिले देखिएको अर्थतन्त्रको समस्या समाधानका लागि खासै चासो नदिएकाले देशले गम्भीर अर्थ संकट भोग्दै श्रीलंकाको झैँ भोग्न बाध्य हुनुपर्ने दिन धेरै टाढा नभएको बताए। उनले अर्थतन्त्रमा देखिएको समस्या समाधानका लागि सरकार र सरोकारवाला निकायले गम्भीर भएर पहल गर्नुपर्नेमा सरकार आफ्नै शैलीमा हिँडेका कारण अर्थतन्त्रको विकासमा अवरोध पुगेको बताए।

उनले श्रीलंकाले सुरुमा अर्थतन्त्रमा समस्या हुँदा बेवास्ता गरेकोले आज यो अवस्था भोग्नुपरेको भन्दै नेपालले पनि बेलैमा सो बारे गम्भीर भएर समधान नखोजिएमा श्रीलंकाभन्दा बढीको अवस्था भोग्नुपर्ने बताए। उनले भने, 'आजभन्दा तीन वर्षअघि श्रीलंकामा जे खालको लक्षण अर्थतन्त्रमा देखियो, अहिले नेपालका मूलभूत आर्थिक परिसूचकहरू कताकता श्रीलंकाको तीन वर्षअघिको जस्तो देखिँदै गएको छ, त्यतिबेला श्रीलंकामा बेवास्ता गरिएको थियो, अहिले उसले गम्भीर समस्या भोगिरहेको छ, त्यही भएर नेपाल गम्भीर आवश्यक रहेको छ।'

उनका अनुसार अहिले हाम्रो सम्पूर्ण सरकार, सरकार सञ्चालन प्रणाली नै कस्तो देखियो भने सार्वजनिक क्षेत्रबाट कराइरहने, मिडियामा हामी बोलिरहने, तर अर्थतन्त्रको समस्या समाधानको लागि सरकारको तर्फबाट कुनै चासो नदिने देखिएको बताए । उनले आफूहरूले मुलुकको अर्थतन्त्रको समस्या समाधानको लागि सकारात्मक सूचना दिएको भए पनि त्यसबारे कुनै चासो नदिएको गुनासो समेत। उनले नेपालका आर्थिक क्षेत्रमा नेतृत्वदायी भूमिकामा रहेर काम गर्ने निकायहरूबीच नै समन्वय नभएको बताए।

योजना आयोग एकातिर, राष्ट्र बैंक अर्कोतर्फ, अर्थ मन्त्रालय अर्कोतर्फ रहेका कारण पनि देशमा यो अवस्था आएको प्रा.डा. प्याकुरेलको भनाइ रहेको छ। यी तीनै निकाय एकैतर्फ हुनुपर्नेमा अझै हुन नसक्नु देशका लागि घातक भएको ठहर समेत उनको रहेको छ। नेपालमा पनि त्यही अवस्था छ। ठूला-ठूला भ्रष्टाचार काण्ड त कति छन्। पैसा रोल हुनुपर्छ। अनिमात्रै विकास हुन्छ हुने बताएका छन्। पुँजीगत खर्च हुन नसक्नु, नेपाल आयल निगम घाटामा रहेको देखाउनु, नेपाल एयरलायन्स घाटामा देखाएर सरकारले सेतो हात्ती पालेर बस्नु नै देशका लागि घाटा भएको बताए।

अर्थविद् डा. चन्द्रमणि अधिकारीले नेपालको अर्थतन्त्रको समस्या श्रीलंकाजस्तो अवस्थामा नपुगेको बताए पनि यही अवस्थामा सरकारले ध्यान नदिने हो भने चाँडै नै श्रीलंकाको बाटोमा पुग्ने बताए। उनले अहिले श्रीलकांमा मात्रै नभएर पूरा विश्व अर्थतन्त्रमा नै फेरबदल देखिएको सुनाए। उनले भने, 'बेलायतका अर्थमन्त्रीले स्प्रिड स्टेटमेन्ट दिँदा अब १३ लाख मान्छे बेरोजगारमा जान्छ भनेका छन्। बेलायत नै आत्तिसकेको छ। स्यांक्सन र काउन्टर स्यांक्सन भइरहेको छ। ग्लोबल्ली असर परिरहेको छ। हामी विश्व अर्थतन्त्रसँग परनिर्भर भइसकेकोले असर परेको छ। भोलि यस्तो हुन्छ भन्ने अनुमान गर्ने अवस्था छैन। पाकिस्तानले रसियाको ग्यास लिने भनेको छ। भोलिको दिनमा डलरको भविष्य के हुन्छ भन्नसक्ने स्थिति छैन।'

उनले नेपालको अर्थतन्त्रलाई 'कक्टेल अर्थतन्त्र'को संज्ञा दिए। उनले श्रीलंका र नेपालको अर्थतन्त्रको चरित्र नै फरक रहेको दृष्टान्त पेस गरे। उनले भने, 'श्रीलंका र हाम्रो अर्थतन्त्रको चरित्र फरक छ। श्रीलंकाको अर्थतन्त्र १६ प्रतिशत पर्यटनमा डिपेन्ड थियो। कृषिमा उसको आठ प्रतिशत हो, हाम्रो २६ प्रतिशत हो। उसले आफ्नो रिसोर्सको मिस म्यानेजमेन्ट गरेको छ। उनका अनुसार नेपालले माइक्रो लेभलको प्लान ल्याउन नसकेको बताए। अहिले नेपालको श्रीलंका र पाकिस्तानको अवस्था हुन्छ भन्ने होइन। मुद्राको अवमूल्यन गर्ने हो कि भन्ने कुरा आएको बताए । उनका अनुसार यो संकटको बेलामा मुद्रा अवमूल्यन गरिनु हुँदैन।

नेपालको अर्थतन्त्र भनेको भारतीय अर्थतन्त्रको स्याटलाइट इकोनोमी रहेको भन्दै निच मारेर बस्यौं भने र यतातर्फ ख्याल नै गरेनौं भने सात/आठ महिनापछि समस्या आउने उनले बताए। वैदेशिक मुद्रा कम हुँदै गएको छ। घट्ने दरलाई कसरी जोगाउने ? स्रोतको कमी भयो। मान्छेले पैसा होल्ड गरेको छ। अहिले नगद होल्ड भएको छ। निर्वाचनमा प्रयोग गर्न होल्ड भएको बताउदै देशले आर्थिक संकट झेल्नु पर्ने देखिएको बताए। उनले भने, 'सरकारी खर्च बढाउनुको साथै वैदेशिक मुद्राको स्टक बढाउनुपर्छ, भ्युटावर बनाउनुको सट्टा उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्छ, पोलिटिकल्ली पनि यसमा इन्टरभेन्सन हुनुपर्ने बताएका छन्।

उनले नेपालको अर्थतन्त्रमा पहेलों बत्ती बलिसकेको बताउँदै यही अवस्था रहेमा रातो बत्ती बल्ने खतरा रहेको बताए। अर्थविद् डा. डिल्लीराज खनालले आफूहरूले धेरै पहिलेदेखि नै मुलुकमा आर्थिक संकट आउँदै छ भनेर सुरुदेखि नै सरकारलाई सचेत गराउदै आएको बताएका छन्। उनले भने, 'अहिले जुन आर्थिक संकट छ, एउटा क्षेत्रमात्रै होइन। पुँजीगत खर्च नहुने, राजस्व जम्मा भएर बस्ने। जुन ढंगले बैंकिङ क्षेत्रबाट लगानी भयो। व्यापार घाटा बढ्यो, चालु खाता घाटा छ, धेरै समस्या छ। हिजोमात्रै राष्ट्र बैंकले अर्थतन्त्रमा निकै ठूलो संकट नै आइसक्यो भनेर कठोर नीति लियो। हामी त यो विषय सुरुदेखि नै लेखिरहेका छौं। अर्थतन्त्रका संकेत राम्रा छैनन्, गम्भीर मोडतर्फ अर्थतन्त्र जाँदै छ भनेर भनेका थियौं।' उनले एकातिर अर्थतन्त्र ह्रास हुने र अर्कोतर्फ आयात व्यापक रूपमा बढ्ने समस्या औंल्याए। उनले भने, 'हामीले त सरकार सजग हुनुपर्छ भनेका थियौं। तर, सरकारका जिम्मेवार मान्छेले सात प्रतिशतभन्दा बढीको वृद्धिद्धर हासिल गर्छौं भनेर। संकटोन्मुखतर्फ अर्थतन्त्र गइरहेको बेला सरकारले समस्याको समाधानको लागि पहलकदमी लिनुपर्दथ्यो।'

उनले सरकारले सरोकारवालाहरू सबैलाई राखेर अघि अहिले देखिएको समस्या समाधानको लागि कदम चाल्नुपर्नेमा त्यसो नगरेको दुखेसो पोखे। उनले भने, 'समस्या समाधानको लागि सरकारको संवेदनशीलता देखिएन, उपेक्षा गरिएको छ। बिआरआईको कारण श्रीलंकामा समस्या आयो भन्ने पनि छ, संवेदनशील भएर काम नगर्दा त्यहाँ समस्या आएको उनले बताए। उनले भने, 'मुद्रा सञ्चितीमा समस्या आएको छ। सरकार संवेदनशील भएन। मूल्यमा ठूलो चाप पर्ने खतरा छ। रोजगारीको अवसर सिर्जना गर्ने कुरामा समस्या पनि आउनेछ। भोलि सबैतर्फ समस्या आयो भने रेस्क्यु गर्ने अवस्था कठिन छ, सरकारले महसुस गर्नुपर्‍यो कि अब गम्भीर संकटतर्फउन्मुख छौं भनेर।'

## व्यवसायीले मागे गाडी आयात रोक्ने लिखित निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंकले बैंकरहरूलाई बोलाएर गाडी आयातको एलसी रोक्न निर्देशन दिएपछि अटो व्यवसायीहरूले छाता संगठन अटोमोवाईल्स एशोसिएशन अफ नेपाल (नाडा) को बसेको आबस्मीक बैठकले राष्ट्र बैंकसँग लिखित निर्देशन माग गर्ने निर्णय गरेको छ।

वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरूलाई बोलाएर राष्ट्र बैंकले गाडी आयातका लागि एलसी नखोल्न र खोले नखोलेको रिपोर्ट दैनिक राष्ट्र बैंकमा बुझाउन निर्देशन दिएपछिको आपतकालिन बैठक बसेको थियो।

बैठकले राष्ट्र बैंकले लिखित रूपमा दिएको निर्देशन मात्रै मान्य हुने भन्दै मौखिक निर्देशन कै भरमा बैंकहरूले एलसी खोल्न छोड्नु गलत भएको ठहर समेत सो बैंठकले गरेको जनाइएको छ। बैठकले राष्ट्र बैंकबाट लिखित आएपछि अर्को बैठक बसेर आधिकारिक धारणा बनाउने निर्णय पनि गरेको छ।

राष्ट्र बैंकले वाणिज्य बैंकहरूका सीईओलाई बोलाएरै यस्तो खालको निर्देशन दिएपछि अटोमोबाइल्स व्यवसायीहरू भने आक्रोशित बन्दै गएका छन्। राष्ट्र बैंकको निर्देशनले आफूहरू शोरुम बन्द गरेर बस्नुपर्ने अवस्था आएको समेत व्यवसायीहरूले बताएका छन्।

अटोमोबाइल्स क्षेत्रलाई मात्रै तारो बनाएर सो निर्देशन दिनु दुःखद भएको व्यवसायीहरूले बताएका छन्। अटोमोबाइल्स क्षेत्र शत् प्रतिशत लगानी फिर्ता हुने ग्यारेन्टी भएको क्षेत्र भएको भन्दै यस क्षेत्रबाट राजश्वमा २५ प्रतिशत योगदान दिने गरेको समेत सो संस्थाका अध्यक्ष ध्रुब थापाको दाबी रहेको छ। व्यवसायीहरूले एलसी खोल्न नपाएपछि बैंकहरूले आयात भईसकेका गाडीमा पनि फाइनान्सिङ नगर्ने भन्दै यसले राजश्व लक्ष्यमा समस्या पार्ने बताएका छन्।

भन्सारमा आधारित अर्थतन्त्र भएको मुलुकमा ठूलो मात्रामा (कुल राजश्वको २५ प्रतिशत) राजश्व बुझाउने क्षेत्रमाथि अंकुश लगाउँदा कर्मचारीले तलब खान नसक्ने अवस्था निम्तिन सक्ने चेतावनी अध्यक्ष थापाले दिएका छन्। उनका अनुसार गत आर्थिक वर्षमा अटोमोबाइल्स क्षेत्रले २ अर्ब ५० करोडभन्दा बढीको राजश्व बुझाएको समेत दाबी सो संस्थाको रहेको छ।

कोभिडबाट सचेत रहौं

- कोरोना संक्रमणको जोखिम अझै कायम छ।
- यसले कुनै पनि बेला महामारीको रूप लिन सक्दछ।
- तत्काल कोरोना विरुद्धको खोप लिऔं।
- जमघट तथा भीडभाडमा जाँदा स्वास्थ्य सुरक्षा अपनाऔं।
- अनिवार्य रूपमा स्वास्थ्य मापदण्डको पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : काठमाडौं-७, सिफल, नेपाल, फोन नं. ०१-४३७३५७७, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गा बहादुर लिम्बु, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ